का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ असार २०८२,
बुधबार
9 July, 2025
Wednesday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १५७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# तिब्बतमा पहिरो नेपालमा बाढी

- पानी नै नपरी ठूलो क्षति
- ७ जनाको मृत्यु
- २० बेपत्ता
- ६ विद्युत् आयोजनमा क्षति
- २४० मेगावाट विद्युत् अवरुद्ध
- रसुवागढी भन्सार नाकामा ठूलो क्षति
- सयभन्दा बढी ईभी र ३७ मालबाहक कन्टेनर बगे

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, २४ असार ।

रसुवाको लेन्दे नदीमा आएको बाढीले रसुवागढी-केरुङ सीमा नाकाको मितेरी पुल बगाएको छ । मितेरी पुल बगाएसँगै नेपाल-चीनबीचको प्रमुख व्यापारिक नाका बन्द भएको छ ।

बाढीमा परी अहिलेसम्म सात जनाको मृत्यु भएको छ । नेपाल प्रहरीको पछिल्लो अपडेटअनुसार सात जना मृत फेला परेका हुन् ।

बाढीले गोसाइकुण्ड-१, २ र ३,आमाछोदिङमो गाउँपालिका १, २, ४ र ५ उत्तरगया गाउँपालिका २,४,५ ,कालिका गाउँपालिका-१ प्रभावित भएको छ । रसुवाको गोसाइँकुण्ड >>> पृष्ठ २ मा



## २४० मेगावाट विद्युत् बन्द

बाढीले चिलिमे जलविद्युत् आयोजना, रसुवागढी जलविद्युत् आयोजना, त्रिशूली थ्री ए जलविद्युत् आयोजना, त्रिशूली थ्री बी सबस्टेसन, त्रिशूली जलविद्युत् केन्द्र र देवीघाट जलविद्युत् केन्द्रमा क्षति गरेको छ ।

बाढीले जलविद्युत् आयोजनामा क्षति पुर्‍याउँदा २४० मेगावाट बिजुली बन्द भएको छ । नेपाल विद्युत् प्राधिकरण र यसका सहायक कम्पनीको गरी २३० मेगावाट र निजी क्षेत्रको १० मेगावाट गरी २४० मेगावाट >>> पृष्ठ २ मा



## हिमताल फुटेको आशंका

विभागले भोटेकोशी नदी जलाधारको तिब्बतको क्षेत्रमा थुप्रै हिमताल अवस्थित रहेकाले बाढीको सम्भावित कारण पत्ता लगाउन तथा नदी तटीय क्षेत्रमा बाढीको असर आकलनका लागि एसिया-प्यासिफिक क्षेत्रका लागि विकसित गरिएको एक अन्तरिक्ष-आधारित आपत्कालीन प्रतिक्रिया (सेन्टिनल एसिया) प्लेटफर्ममा तत्कालको भू-उपग्रह तस्बिर प्राप्त गर्न आपत्कालीन अवलोकन अनुरोध जारी गरेको छ । >>> पृष्ठ २ मा

# खस्कियो मधेशको शिक्षा

## ९० विद्यार्थीलाई एक शिक्षक



प्रदेशको अनुपात हेर्दा शैक्षिक अवस्था निकै दयनीय छ

■ **सतिशकुमार सिंह**
**मुख्यमन्त्री, मधेश प्रदेश**

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २४ असार ।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा मधेश प्रदेशको नतिजा भने निराशाजनक देखिएको छ । एसईईको नतिजा देशभर १४ प्रतिशतले सुधार भएपनि मधेशको परिणामले शिक्षविद्हरूलाई चिन्ता बढाएको छ ।

गत हप्ता सार्वजनिक नतिजाअनुसार एसईईमा देशभर ६२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । जबकी मधेशमा मात्र २८ प्रतिशत विद्यार्थी मात्रै योग्य ठहरिए ।

अघिल्लो वर्ष देशैधर झन्डै ४८ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा मधेशमा ४७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष मधेशमा ५९ हजार ७ सय ४९ विद्यार्थीले एसईईमा सहभागि भएका थिए । जसमध्ये ४२ हजार ७ सय ७९ जना अर्थात् ७२ प्रतिशत ' ननग्रेडेड' भएका छन् ।

प्रदेशगत रूपमा सबैभन्दा बढी उत्तीर्ण प्रतिशत भएका प्रदेशमा बागमति छ, जहाँ ८२ >>> पृष्ठ २ मा

### दरबन्दी अभाव

मधेशका विद्यालयहरूमा आवश्यकताअनुसार शिक्षकको दरबन्दी पनि छैन । दरबन्दी नहुँदा प्रदेशमा शिक्षक-विद्यार्थी अनुपात राष्ट्रिय औसतभन्दा निकै बढी छ । प्रदेशका माध्यमिक विद्यालयहरूमा ९० विद्यार्थीको तुलनामा मात्र १ जना शिक्षकको दरबन्दी छ भने आधारभूत विद्यालयमा ६४ विद्यार्थीलाई एकजना शिक्षकले >>> पृष्ठ २ मा

# कांग्रेसको अमूर्त निर्णय

संविधान संशोधनको विषयलाई सार्थक निष्कर्षमा पुऱ्याउन कांग्रेसले कार्यदल गठन गर्ने निर्णय गरेपनि कहिले र कसरी गर्ने भन्ने स्पष्ट छैन ।




**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २४ असार ।

संसदको सबैभन्दा ठूलो र पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेस केन्द्रिय समितिको बैठकले गरेका धेरैजसो निर्णयहरू अमूर्त देखिएका छन् । गत १६ असारबाट २३ गतेसम्म चलेको बैठकमा १३ वटा एजेण्डा प्रस्तुत गरेको कांग्रेसले कार्यसूचीमा राखेका र नराखेका समेत गरी ६ वटा विषयमा निर्णय गरेको छ । बैठकमा १३ वटा एजेण्डा पेश गरेपनि कार्यसूची भन्दा फरक र अमूर्त निर्णय गरेको हो । यद्यपि पार्टीका नेताहरूले भने ६ वटा शीर्षकभित्रै प्रस्तावित सबै एजेण्डाहरू समेटेर निर्णय गरिएको बताएका छन् ।

पहिलो निर्णयमा संविधान संशोधनलाई राखेको छ । १ वर्ष अघि एमालेसंगको सत्ता सहयात्राको सुरुवातमै २ दलबीच राखिएको सहमतिको बुँदामा समेत यो विषय मुख्य थियो । तर, संविधान संशोधनको विषय सरकारको नजरमा छायामा पर्दै आएको छ । यो सन्दर्भलाई कांग्रेस बैठकमा केन्द्रीय समितिका सदस्य तथा पदाधिकारीले गहनरूपमा उठाएपनि पार्टीको निर्णयमा ठोस कुरा आउन सकेको छैन् ।

'संविधान संशोधनको विषयलाई सार्थक निष्कर्षमा पुऱ्याउन नेपाली कांग्रेसले एक कार्यदल >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विदेशका जेलमा रहेका नेपालीको तथ्यांक संकलन जारी : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विदेशका जेलमा रहेका नेपालीको संख्या यकिन गर्न कूटनीतिक पहल थालिएको बताएका छन् ।

प्रतिनिधि सभाको मंगलबारको बैठकमा नेमकिपाका सांसद प्रेम सुवाल र नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा श्रममन्त्री भण्डारीले कुन देशका जेलमा कति संख्यामा नेपाली छन् भनेर हाल यकिन नभएको भएपनि खोजीनीति भइरहेको जानकारी दिए ।

श्रममन्त्री भण्डारीले भने, 'नेपालीहरू विभिन्न देशका जेलमा रहेको सत्य हो । तर ठ्याक्कै कति भन्ने तथ्यांक छैन । मन्त्रालयले खोजेर सदनलाई जानकारी गराउनेछ । मन्त्री भण्डारीले विदेशमा कानुनी >>> पृष्ठ २ मा

### 'जान'माथि छानबिन गर्न माग

**काठमाडौं / मस-** रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारमाथि भाषा परीक्षाको नाममा विगत १५ वर्षदेखि भइरहेको अन्यायका विषयमा संसद्मा पनि आवाज उठेको छ ।

प्रतिनिधि सभा सदस्य प्रतिमा गौतमले जापानको भिसा पाइसकेका नेपाली प्रशिक्षार्थी कामदारहरूलाई नेपालमै फेरि अनधिकृत भाषा परीक्षा दिन बाध्य पारिने घटनाप्रति संसदमा गम्भीर आपत्ति जनाएकी छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकमा सभामुखको >>> पृष्ठ २ मा

## डाक्टरहरूको आन्दोलन स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।

सरकार र नेपाल चिकित्सक संघबीच सहमति भएको छ । संघको नेतृत्वमा आन्दोलनमा उत्रिएका चिकित्सक र सरकारबीच भएको वार्तामा सहमति भएको हो ।

स्वास्थ्य मन्त्रालयमा संघका पदाधिकारीसहित स्वास्थ्यमन्त्री प्रदीप पौडेल, कानुन मन्त्री अजय चौरसिया र उद्योगमन्त्री दामोदर भण्डारीबीच मंगलबार साँझ छलफल भएको हो ।

सहमति अनुसार संघले घोषणा गरेका आन्दोलनका कार्यक्रम फिर्ता लिएको छ । उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी पछिल्ला >>> पृष्ठ २ मा

साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL BADER INTERNATIONAL OPERATION AND MAINTENANCE CO शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०५/२५ चलानी नं.: ६०२२५०९५ L.T. No.:310536 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Kitchen Worker | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय इटहरीमा २०८२ श्रावण १ गते (17 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता बुटवल ट्रेनिङ सेन्टर बुटवलमा २०८२ श्रावण २ गते (18 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd. Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४९५३३२१, ४९५४९७१, ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

**तिब्बतमा...**

गाउँपालिका-२ स्थित लेन्दे नदीमा मंगलबार बिहान अचानक आएको बाढी भोटेकोसी हुँदै त्रिशुलीसम्म आइपुग्दा ठूलो जनधनको क्षति गरेको छ ।

जिल्ला प्रशासन कार्यालय रसुवाले मंगलबार राति ९ बजे जारी गरेको सूचनाअनुसार बाढीपहिरोमा २० जना सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेहरूमा ६ जना चिनियाँ नागरिक, नेपाल प्रहरीका ३ जवान र ११ जना सर्वसाधारणसहित गरी २० जना छन् । बाढीमा फसेका ५५ जनाभन्दा बढीको नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार गरेको छ । नेपाल प्रहरीका लालबहादुर श्रेष्ठ, मुन्ना ठाकुर र लोकेन्द्र बोहरा सम्पर्कविहीन भएका हुन् । उनीहरू तीनैजना इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत रहेको रसुवा प्रहरीले जनाएको छ ।

**पानी नै परी ठूलो बाढी**

जनधनको क्षति निम्त्याएको बाढीको कारण पत्ता भने लागिसकेको छैन । विश्व मौसम सङ्गठनको बाढीको सम्भावना पहिचान गर्न र समयमै चेतावनी दिन विकास गरिएको एक प्राविधिक प्रणाली (फ्ल्यास फ्लड गाइडेन्स प्रणाली) को स्याटेलाइट-आधारित वर्षा अनुमानअनुसार पनि भोटेकोशी जलाधार क्षेत्रमा गत २४ घण्टामा वर्षा भएको देखिँदैन ।

विभागका मौसमविद् सञ्जीव अधिकारीले पछिल्लो २४ घण्टाको अवधिमा नेपाल-चीन सीमाबाट नजिकमा रहेको रसुवास्थित क्यान्जिङ मौसमी केन्द्र र रसुवास्थित धुन्चे मौसमी केन्द्रमा फाटफुट मात्र वर्षा मापन भएको जानकारी दिए । 'त्यति ठूलो बाढी नै जाने गरी दुवैतर्फ ठूलो वर्षा भएकै छैन । न्यूनचापीय रेखा पनि सरदर आसपासमा नै रहेको छ,' उनले भने, 'के कारणले बाढी गएको भन्ने विषयमा थप अनुसन्धान गरेर मात्रै हामी सूचना सार्वजनिक गर्नेछौं ।'

नेपाली भूभागमा बाढी निम्त्याउने गरी वर्षा नभएको र सिमाना जोडिएको छिमेकी तिब्बती क्षेत्रमा पनि ठूलो वर्षाको भएको रेकर्ड पनि देखिएको छैन । बाढी पूर्वानुमान महाशाखाका अनुसार रसुवाको धुन्चे र क्यान्जीङ्मा रहेको मौसमी केन्द्रले त्यस क्षेत्रमा फाटफुट मात्र वर्षा भएको रेकर्ड गरेका छन् । मौसमविदहरूका अनुसार बाढी आउनुको कारण भोटेकोसीको माथिल्लो क्षेत्रमा रहेका हिमतालमध्ये कुनै एक विस्फोट भएको हुनसक्ने अनुमान गरेका छन् । भोटेकोसीको माथिल्लो क्षेत्रमा पहिरो गएर नदी थुनिएपछि एकैपटक पानी आएको हुनसक्ने पनि उनीहरूको अनुमान छ ।

के कारणले बाढी आएको हो भनेर स्याटलाइट तस्वीरहरूको अध्ययन भइरहेको मौसम विभागले बताएको छ । विभागका अनुसार नेपाल-चीनबीच अन्तर्देशीय छलफल पनि भइरहेको छ ।

अधिकारीहरूका अनुसार बाढी आएको क्षेत्रभन्दा माथि केही हिमतालहरू छन् । तीमध्ये कुनै हिमताल विस्फोट भएको हुनसक्ने वा पहिरोको कारण नदी थुनिएर एक्कासि बाढी आएको हुनसक्ने अनुमान छ ।

ईसिमोड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)ले सन् २०२० मा कोसी, गण्डकी र कर्णाली जलाधार क्षेत्रमा रहेका हिमतालहरूको अध्ययन गरेको थियो । उक्त अध्ययनले नेपाल, भारत र तिब्बतमा रहेका ३ हजार ६ सय २४ हिमतालमध्ये ४७ वटा विस्फोटको जोखिममा रहेको निष्कर्ष निकालेको थियो । विभागले ठूलो वर्षा दुवै देशको आसपासमा नभए पनि बाढी आउनुको कारणबारे भने अध्ययन भइरहेको जनाएको छ ।

**प्रधानमन्त्रीले गरे अवलोकन**

प्रधानमन्त्री केपी शर्मा ओलीले बाढीका कारण भएको धनजनको क्षतिको स्थलगत अवलोकन गरी फरेका छन् । बाढीबाट भएको क्षति, उद्धार र राहतबारे प्रधानमन्त्री ओलीले स्थानीय प्रशासन, जनप्रतिनिधि र स्थानीयबासीसँग छलफल पनि गरेका छन् । प्रधानमन्त्री ओलीले क्षतिग्रस्त क्षेत्रबाट बेपत्ता भएकाहरुको स्थिति, नेपाल-चीन सीमानाको रसुवागढी भन्सारको क्षतिग्रस्त सुक्खा बन्दरगाह, बगाइएका मालबाहक कन्टेनर बगाउँदा भएको क्षतिको विवरणबारे चिन्ता र चासो व्यक्त गरेका थिए ।

प्रधानमन्त्री ओली नेतृत्वको टोलीमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, प्रधानमन्त्री मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, नेपालका लागि चिनियाँ राजदूत चेन सोङ, प्रधानसेनापतिसहित चारै सुरक्षा निकायका प्रमुखलगायत थिए ।

**मुस्ताङमा पनि बाढी**

मुस्ताङको लोमन्थाङ स्थित चुङजुङ खोलामा बाढी आएको छ । मुस्ताङमा गेग्यान र लेदोसहितको बाढी आएको हो । उपल्लो मुस्ताङको लोमन्थाङ गाउँपालिका-४ स्थित चुम्जुङ खोलामा एक्कासी लेदोसहितको बाढी आएको हो ।

लोमन्थाङ-४ चुम्जुङ खोलाको माथिल्लो नयाँ बन्दै गरेको पक्की पुलमाथीबाट लेदो सहितको बाढी आएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले बताएको छ ।

लोमन्थाङ-४ हुँदै कालीगण्डकीमा मिसिने उक्त खोलामा मंगलबार दिउँसैदेखि बाढी आएको गाउँपालिका अध्यक्ष टसी न्हूबू गुरुङले जानकारी दिए । उनले भने, 'ताल फुटेर बाढी आएको हुन सक्छ । यता पानी परेको छैन । अरू कारणले बाढी आएको होइन ।' मुस्ताङ हिमाल पछाडि रहेको छो । ल्योङढ्योक ताल फुटेको हुनसक्ने उनको अनुमान छ । खोला किनारमा रहेका नागरिकहरूलाई सुरक्षित हुन आग्रह गरिएको छ । खोलाका तटीय क्षेत्रहरू छुसाङ, कागबेनी, जोमसोमलगायत क्षेत्रमा सतर्कता अपनाइएको छ । बाढीले केही पुलहरू समेत बगाएको छ । यस्तै, लोमन्थाङको रिङरोड क्षति भएको छ, बाटोहरू धेरै बिग्रिएको छ । अन्य क्षतिबारे भने जानकारी नरहेको उनको भनाइ छ ।बारगुड मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिङजिन नाम्गेल गुरुङले बताए । उनले उपल्लो मुस्ताङ क्षेत्रमा बाढी आएपछि तल्लो तटमा बस्ने बासिन्दालाई सचेत हुन आग्रह गरिएको पनि जानकारी दिए । 'यहाँको चुमजुङ गाउँमाथिको उच्चलेकबाट निकै ठूलो लेदोसहितको भीषण बाढी आइरहेको छ, यसले ठूलो क्षति निम्त्याउन सक्ने जोखिम बढेको छ', अध्यक्ष गुरुङले भने, 'मुस्ताङको तल्लो क्षेत्रमा कालीगण्डकी तटीय बस्तीलाई फोनबाट सर्तक रहन आग्रह गरेका छौं ।' उपल्लो मुस्ताङको चुमजुङ गाउँ नेपाल-चीन सीमावर्ती नजिकको गाउँ हो ।

**२४० मेगावाट...**

आयोजना बाढीका कारण बन्द भएको हो । स्याँफ्रुबेसीमा रहेको मापन उपकरण नै बगाएका छ ।

बाढीले ठूलो क्षति चीनसँगको प्रमुख व्यापारिक नाका रसुवागढी भन्सार नाकामा गरेको छ । जिल्ला प्रशासन कार्यालउ रसुवाका अनुसार बाढीले स्याफ्रुबेशी-रसुवा सडक खण्ड पूर्णरूपमा क्षति भएको छ भने रसुवा भन्सार कार्यालयको यार्डमा पनि क्षति पुगेको छ । यसैगरी बाढीले रसुवाको उत्तरगया गापा- १ मैलुङस्थित नेपाली सेनाको पोष्ट अगाडि गल्छि-बेत्रावती-स्याफ्रुबेशीसडक खण्डको बेलीब्रिज बगाएको छ । बाढीले नेपाल-चीन सीमा रसुवागढीमा रहेको मितेरी पुल बगाएर दुई देशबिचको आवतजावत ठप्प भएको छ । बाढीका कारण स्याफ्रुबेँसी-रसुवागढी सडकको १० स्थानमा क्षति पुग्दा उद्धार तथा आवतजावत अवरुद्ध भएको छ ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिका-२ तातोपानीस्थित पासाङल्हामु सडकमार्ग अन्तर्गत स्याफ्रुबेशी- रसुवागढी सडक खण्डमा भोटेकोशी नदीमा आएको बाढीले विभिन्न स्थानमा सडक पूर्ण कटान गरेको छ । बाढीले नेपाली व्यापारीको अर्बौंको नोक्सान गरेको छ । नेपालतर्फ बाढीले रसुवागढी भन्सार कार्यालय यार्डमा रहेका सयभन्दा बढी विद्युतीय गाडी, ३७ वटा मालबाहक कन्टेनर र जलविद्युतका उपकरण बगेको छ ।

भन्सार कार्यालय यार्डमा रहेका बाँकी २० वटा जति गाडीहरू पनि लेदो पसेका कारण प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको छ । यस्तै बाढीले चीनतर्फ रहेका १६ वटा जति नेपाली व्यापारीको कन्टेनरमा क्षति गरेको छ । चीनतर्फ फलफूल र रेडिमेट सामग्री बोकेका १६ वटा गाडीको आधा भाग पानीमा डुबेको छ ।

नेपाल र चीनबीच व्यापार हुने रसुवागढी-केरुङ र तातोपानी-खासा प्रमुख नाका हुन् । पछिल्ला वर्षहरूमा सबैभन्दा ठूलो व्यापार रसुवागढी-केरुङ नाकाबाट हुने गरेको छ ।

चालु आर्थिक वर्षको पहिलो ११ महिना अर्थात् २०८१ साउन १ गतेदेखि २०८२ जेठ मसान्तसम्मको अवधिमा नेपालले रसुवागढी नाकाबाट ८० अर्ब ९१ करोड ४८ लाख २३ हजार रुपैयाँको वस्तु आयात गरेको छ भने १ अर्ब ९६ करोड १४ लाख ३ हजार रुपैयाँको वस्तु निर्यात गरेको छ । बाढीले मितेरी पुल बगाउँदा र भन्सार कार्यालयमा क्षति पुर्याउँदा यसले दीर्घकालसम्म नेपाली व्यापारीलाई असर गर्ने व्यापारीहरू बताउँछन् ।

यसअघि व्यापारीहरूले २०७२ सालको भूकम्पको बेला पनि ठूलो क्षति व्यहरोका थिए । रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवप्रसाद अधिकारीका अनुसार बाढीका कारण २३ वटा मालबाहक कन्टेनर, छ मालवाहक ट्रक र ३५ वटा नयाँ विद्युतीय सवारीसाधन गरी ६४ वटा बगेका छन् ।

बाढीका कारण ड्यामसाइट बगाउँदा १११ मेघावाट क्षमताको रसुवागढी जलविद्युत् केन्द्रको उत्पादन पूर्ण रूपमा बन्द भएको उनले जानकारी दिए । त्यस्तै २० मेघावाट क्षमताको चिलिमे जलविद्युत् केन्द्रको तेलरेटरमा बाढीको लोदो पस्दा उत्पादन पूर्ण रूपमा बन्द छ । माथिल्लो त्रिशूली 'ए'को ६० मेघावाट क्षमताको जलविद्युत् केन्द्रको ड्यामसाइटमा पनि क्षति भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

'ल्हेन्दे खोलाको मितेरी पुल बताउँदा केरुङसँगको सीधा सम्बन्ध टुटेको छ । १० मिटर चौडाइ र १०० मिटर लम्बाइको रहेको सो पुलमा क्षति भएको प्राविधिकहरूले बताएका छन् । रसुवागढीबाट करिब ८० कोषमाथि छुसुमधो भन्ने चिनियाँ भूभागबाट आएको पहिरोले क्षति बनाएको अनुमान छ,' सहायक प्रमुख जिल्ला अधिकारी अधिकारीले भने ।

**हिमताल...**

बाढी तिब्बतको क्षेत्रबाट उत्पन्न भएको र हाल घट्दो क्रममा रहेको भए पनि सम्भावित जोखिमलाई ध्यानमा राखी त्रिशूली नदीको रसुवागढीदेखि धादिङ जिल्लाको बेनिघाटसम्म त्रिशूली नदी तटीय क्षेत्रमा अर्को सूचना जारी नहुँदासम्म सतर्कता अपनाउन विभागले आग्रह गरेको छ । यस्तै आगामी तीन दिनसम्म बाढीको कुनै जोखिम नरहेको विभागका बाढीविज्ञ र मौसमविज्ञहरुले जानकारी दिएका छन् ।

मौसमविद् सञ्जीव अधिकारीले आगामी तीन दिनसम्म मुलुकको अधिकांश स्थानमा हल्कादेखि मध्यमसम्म वर्षाको स्म्भावना रहे पनि भारीदेखि अति भारी वर्षाको सम्भावना नरहेको जानकारी दिए । तीन दिनसम्म देशभर बाढीको जोखिम नरहेको उनले बताए ।

**खस्कियो...**

प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् ।

अन्य प्रदेशहरूमा क्रमशः गण्डकीमा ७६ प्रतिशत, कर्णालीमा ७०, सुदूरपश्चिममा ५५ र कोशीमा ५१ प्रतिशत उत्तीर्ण भएका हुन् ।

प्रदेशगत हिसाबले मधेशको नतिजा अन्य प्रदेशको तुलनामा पनि असाध्यै कमजोर रहेको शिक्षविद्हरू बताउँछन् । त्यसैले यस प्रदेशलाई लक्षित गरेर शैक्षिक सुधारका कार्यक्रम तय गरिनुपर्ने उनीहरूको सुझाव छ ।

'नतिजा सुधारका लागि अझै बढी रणनीतिक प्रयत्न आवश्यक छ । यसका लागि संघीय तथा स्थानीय सरकार, विद्यालय तथा शिक्षक, अभिभावकदेखि विद्यार्थी स्वयंले आफ्नो मिहिनेत बढाउनुपर्छ', जनकपुरमा शिक्षाविद् डा. भोगेन्द्र झाले भने ।

यस वर्ष देशैभर एसईईको समग्र नतिजामा सुधार देखिए पनि यसको गुणस्तर र दिगोपनामाथि पनि प्रश्न उठेको छ । मधेशमा देखिएको शैक्षिकस्तर आगामी दिनमा अहिलेको नतिजामा संख्यात्मक र गुणात्मक रूपमा अझै सुधार ल्याउनका लागि सरोकारवाला थप प्रयत्नशील बन्नुपर्छ ।

**दरबन्दी...**

पढाउनुपर्ने बाध्यता छ । मधेशको शिक्षा तथा संस्कृति मन्त्रालयको तथ्यांकअनुसार अन्य प्रदेशहरूमा आधारभूत तहमा २८ जना विद्यार्थीको अनुपातमा एक शिक्षकको व्यवस्था छ भने माध्यमिक तहमा ५० जना विद्यार्थीलाई एक शिक्षकले पढाउँछन् ।

'विद्यार्थी-शिक्षक अनुपातलाई हेर्दा मधेशमा शिक्षाको गुणस्तरको कुरा गर्नु कपोलकल्पित हुन्छ,' मधेश प्रदेश शिक्षा मन्त्रालयका उपसचिव किशोरी कापर भन्छन् ।

दरबन्दी अपुग हुनाले विद्यार्थीको सिकाइ उपलब्धिलाई अपेक्षित सुधार गर्न सकिएको छैन । उच्च शिक्षामा विज्ञान तथा प्रविधिसम्बन्धी विषय पढाउने शैक्षिक संस्थाको संख्या तथा तिनमा विद्यार्थीको भर्ना न्यून छ । यस्तो हाल रह्यो भने मधशसको शिक्षालाई सुधार गर्नु निकै गाह्रो हुने उपसचिव कापर बताउँछन् । प्रदेशमा आधारभूत तह (कक्षा १ देखि ८) मा विद्यार्थी संख्या १३ लाख ४८ हजार ४ सय ३३ छ । तर, आधारभूत तहमा शिक्षक भने १४ हजार ६ सय ३७ मात्रै छन् । देशभर आधारभूत तहमा शिक्षक संख्या १ लाख २७ हजार ३ सय ५१ छ । कुल संख्यामध्ये मधेशमा ११ प्रतिशत शिक्षक मात्रै आधारभूत तहमा अध्यापन गराउँछन् । आधारभूत तहमा विद्यार्थी शिक्षक अनुपात ६४ जना विद्यार्थीमा १ शिक्षक छ ।

त्यसैगरी, माध्यमिक तहमा (कक्षा ९ देखि १२) सम्म मधेशमा विद्यार्थी संख्या २ लाख ८० हजार ५ सय ७५ छ । तर, माविमा शिक्षक भने मधेशमा २ हजार ९ सय ७ जनाले मात्रै अध्यापन गराउँछन् । देशभर माध्यमिक तहको शिक्षक संख्या २९ हजार २८१ छ, जुन कुल संख्याको ९ प्रतिशत हो । मावि तहमा ९० जना विद्यार्थीलाई एक शिक्षकले पढाउनु परेको छ ।

प्रदेशको यो अनुपात हेर्दा शैक्षिक अवस्था निकै दयनीय रहेको स्वयं मुख्यमन्त्री सतिशकुमार सिंहले स्वीकार गर्छन् । 'विद्यार्थी र शिक्षकको यो अनुपात हेर्दा हाम्रो कक्षा कोठाहरू कसरी सञ्चालन भइरहेका होलान् भन्ने चिन्ताले सताएको छ,' सिंहले भने । 'मधेशको शिक्षा कुनै बेला उत्कृष्ट थियो । तर, विभिन्न राजनीतिक परिवर्तन र मधेशप्रतिको वक्रदृष्टिकै कारण यहाँको शैक्षिकस्तर निकै धराशायी भएको छ । यसलाई उकास्न तीनै तहको सरकार, अभिभावक र समाजका सम्पूर्ण पक्ष सजग हुनु आवश्यक छ', सिंहको भनाइ छ ।

देशमा जम्मा विद्यालय संख्या ३५ हजार २ सय ४३ रहँदा मधेशमा ४ हजार ९ सय १३ विद्यालयहरू छन् । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र ५ हजार ९ सय ४७, प्राविधिक धारका विद्यालयको संख्या ८४, नमुना विद्यालय ६५ र सामुदायिक अध्ययन केन्द्रको संख्या २ सय ७५ छ ।

६ वर्षमाथिको साक्षर जनसंख्या ६३ दशमलव ५ प्रतिशत छ भने ६ वर्षमाथिको साक्षर जनसंख्या महिला ५४ प्रतिशत छ भने बाँकी पुरुषको छ ।

२०७८ को जनगणनाअनुसार नेपालको साक्षरता दर ७६ दशमलव ३ प्रतिशत छ । यसको तुलनामा मधेशको कुल साक्षरता प्रतिशत जम्मा ६३ दशमलव ५ छ । प्रदेशमा पुरुष ७२ प्रतिशत साक्षर छन् ।

मधेस प्रदेशको शैक्षिक विकासमा सबैभन्दा ठूलो योगदान शिक्षकहरूले नै पुऱ्याउने हुनाले शिक्षकहरूले पूर्ण इमानदारसाथ सामुदायिक विद्यालयमा अध्यापन सुधार गर्नु आवश्यक रहेको प्रदेशकी शिक्षा तथा संस्कृतिमन्त्री रानी तिवारी बताउँछिन् । 'एकातर्फ प्रदेशको शैक्षिक अवस्था दयनीय बनेको छ भने त्यहीं अर्कोतर्फ प्रदेश सरकारले शिक्षा क्षेत्रमा न्यून बजेट विनियोजन गर्ने परिपाटीलाई निरन्तरता दिएको छ,' मन्त्री तिवारी भन्छिन् ।

**कांग्रेसको...**

गठन गर्ने निर्णय गर्दछ', केन्द्रीय समितिको निर्णयमा भनिएको छ 'कार्यदलले पार्टीभित्र संविधान संशोधनका विषयमा छलफल चलाउनेछ । संविधान निर्माणमा सहकार्य गरेका राजनीतिक दलहरू एवं अन्य राजनीतिक दलहरू, संविधान निर्माणमा योगदान गरेका विज्ञ, विशेषज्ञ एवं सरोकारवाला नागरिक समाजसँग संवाद गर्नेछ ।' तर कहिलेसम्म कार्यदल बनाएर संविधान संशोधनको विषयलाई अघि बढाउने भन्ने मूर्त निर्णय गर्न नसकेको कांग्रेसकै एकाथरि नेताहरूले टिप्पणी गरेका छन् । बैठकमा केन्द्रीय सदस्य तथा पदाधिकारीहरूले यो विषयलाई प्राथमिकताकासाथ उठाएपनि निर्णयमा अस्पष्ट देखिएको एक पदाधिकारीले बताए । १० महिनापछि बसेको बैठकले संविधान संशोधन, नेपाल सरकारसँग सम्बन्धित विषय, संसदीय मामिला सम्बन्धित, पार्टी संगठनसँग सम्बन्धित, कार्यसम्पादन समितिको निर्णय अनुमोदन र नेपाली जनसम्पर्क समितिको सदस्यता तथा अधिवेशनसहित ६ विषयभित्र रहेर विभिन्न उपशीर्षकमा निर्णय गरेको हो । आफ्नै नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको रक्षा एवं कार्यान्वयनको मूल दायित्व र जिम्मेवारी पनि आफ्नो भएको दाबी कांग्रेसको छ ।

१७ असार २०८१ मा एमालेसँग भएको ७ बुँदे सहमझदारीमा संविधान कार्यान्वयनको एक दशकमा देखिएका चुनौती र जटिलताको समीक्षा गर्दै यसको गतिशील कार्यान्वयनका लागि समयानुकुल संशोधन गर्नुपर्ने एजेण्डा मुख्य रहेको थियो । 'संविधान प्रारम्भ भए पश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' सहमतिमा उल्लेख गरिएको थियो ।

तर, सरकार गठन भएको १ वर्ष पुगिसक्दा समेत संविधान संशोधनको विषयमा दुबै दलले ठोस निर्णय लिएका छैनन् । यद्यपि यो एजेण्डालाई कांग्रेसको तर्फबाट छिटपुट उठाउँदै आएपनि सरकारको नेतृत्वकर्ता दल नेकपा (एमाले) भने मौन छ । संविधान संशोधनका विषयलाई सार्थक निष्कर्षमा पुऱ्याउन कार्यदल गठन गर्ने भनेको कांग्रेसका सभापति शेरबहादुर देउवाले यो प्रक्रिया चाँडै अघि बढ्ने बैठकमा नेताहरूलाई आश्वस्त पारेका छन् ।

त्यस्तै सत्ता गठबन्धनलाई निरन्तर दिदै थप जनमुखी काम गर्न सरकारलाई कांग्रेसले आग्रह गरेको छ । सरकार गठन सम्बन्धमा भएको सातबुँदे सहमतिप्रति प्रतिबद्ध रहँदै सरकारको स्थायित्वका लागि जनभावनाअनुसार विकास, सुशासन एवं समुन्नतिका लागि प्रभावकारिताका साथ काम गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बताए ।

पार्टी केन्द्रीय कार्यसमितिको बैठकले संसद्लाई मर्यादित, व्यवस्थित र गरिमामय बनाउन प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा समेत जोड दिँदै कांग्रेसबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सदस्य एवं संसदीय दललाई निर्देशित गरेको छ । त्यस्तै संविधान कार्यान्वयनका सम्बन्धमा बनाउनुपर्ने अन्य आवश्यक कानुन अविलम्ब संसदीय प्रक्रियामा लगी पारित गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

निजामती सेवा विधेयकसम्बन्धी समितिको प्रतिवेदनमा देखिएका गडबडी र कमीकमजोरीलाई संसदीय प्रक्रियाबाटै समाधान गरी संसद्को गरिमा र विश्वसनीयतालाई कायम राख्नुपर्ने पार्टीको निष्कर्ष छ ।

बैठकले क्रियाशील सदस्यता नवीकरण गरी केन्द्रीय कार्यालयमा विवरण पेस गर्ने समयावधि आगामी असोज मसान्तसम्मका लागि तोकेको छ । सो अवधिभित्र पेस नभएका नवीकरणसम्बन्धी नामावली १५औं महाधिवेशनका लागि अद्यावधिक (सूचीकृत) नगरिने समेत निर्णय गरेको छ ।

समयमा महाधिवेशन गर्न नसकेका भ्रातृ संगठनका हकमा महाधिवेशन निर्देशक समिति र सम्बन्धित संगठनबीचको समन्वयमा तयार पारेको कार्यतालिका अनुसार ३ महिनाको समय थप गर्ने निर्णय लिएको छ । त्यस्तै जनसम्पर्क समितिलाई 'स्वर्ण महोत्सव' मनाउन निर्देशन दिएको छ ।

जनसम्पर्क समितिको सदस्यता वितरण र अधिवेशनका सन्दर्भमा आगामी साउन १ गतेदेखि असोज मसान्तसम्म जनसम्पर्क समिति सदस्यता र क्रियाशील सदस्यता नयाँ वितरण र नवीकरण गरी स्वीकृतिका लागि केन्द्रीय कार्यालयमा पठाउने निर्णय गरेको केन्द्रीय सदस्य प्रकाश स्नेही रसाइलीले बताए । 'समयावधि समाप्त भएका जनसम्पर्क समितिहरूको हकमा आगामी पुसमसान्तसम्ममा अधिवेशन सम्पन्न गर्ने समय निर्धारण गरेको छ', उनले भने ।

बैठकले पार्टीको क्रियाशील सदस्यता नवीकरण तथा वितरणको समय समेत थप गरी असोज १५ सम्म पुऱ्याएको छ । यस अघि असार १५ सम्म क्रियाशील सदस्यता बुझाउने अन्तिम समय तोकेको थियो । पार्टीले महाधिवेशनको मितिका विषयमा अन्योलता देखाएको छ । छलफलमा उक्त विषयले स्थान पाएपनि निर्णयमा समेटिएको छैन् । अधिकांश निर्णयहरू कार्यान्वयको समयसीमा स्पष्ट नलेखिएकाले कार्यान्वायन हुने संशय कायमै रहेको केन्द्रीय सदस्यहरूले बताएका छन् ।

**विदेशका...**

सहयोग पाउन नसक्दा उनीहरू थप समस्यामा परेकाले सम्बन्धित देशका कानुन व्यवसायीको सहयोग लिएर विभिन्न नियोगलाई यसबारे बुझ्न लगाइएको छ ।'

श्रममन्त्री भण्डारीले हालसम्म विदेशमा ज्यान गुमाएका १४ हजार बढी नेपालीको शव ल्याइएको बताए । वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परीक्षणलाई पूर्ण अनलाइन प्रणालीमा लैजाने तयारी भइरहेको भन्दै उनले विदेशी भुमिमा नेपाली कामदारहरूको असामयिक निधनप्रति मन्त्रालय गम्भीर रहेको बताए ।भारतमा काम गर्नका लागि श्रम स्वीकृति अनिवार्य नरहेकाले त्यहाँ काम गर्ने नेपाली श्रमिकको तथ्यांक नरहेको बताउँदै मन्त्री भण्डारीले वैदेशिक रोजगार ऐन, २०६४ संशोधन पछि भारत जाने कामदारको तथ्यांक राख्ने व्यवस्था गरिने जानकारी दिए । वैदेशिक रोजगार ऐन परिमार्जन गरी समयसापेक्ष बनाउन मन्त्रालयले प्रक्रिया अघि बढाएको उनले जानकारी गराए ।

अहिले वैदेशिक रोजगारीमा जानेहरू ठगीमा परेको भनेर ३६ हजार बढी मुद्दा वैदेशिक रोजगार विभागमा दर्ता भएको उल्लेख गर्दै मन्त्री भण्डारीले वैदेशिक रोजगार विभागले अनुसन्धानदेखि मुद्दा दर्तासम्मको काम गर्न त्यहाँको संरचना अपर्याप्त रहेको उल्लेख गरे ।

वैदेशिक रोजगारीमा ठगीमा परेकाहरूको अनुसन्धान र मुद्दा चलाउने काम जिल्ला तहमा पठाउने कानुन संशोधनको तयारी गरिरहेको मन्त्री भण्डारीको भनाइ छ । आन्तरिक रोजगारी प्रवर्द्धनका लागि नेपाल सरकारले राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन, २०८१ बाट आगामी दशकलाई आन्तरिक रोजगार प्रवर्द्धन दशक (२०८२/८३-२०९१/९२) का रुपमा मनाउने घोषणा गरेको उनले बताए ।आन्तरिक रोजगार प्रवर्द्धनका लागि सरकारले विभिन्न कार्यक्रममार्फत काम गरिहरेको पनि उनले उल्लेख गरे । न्यूनतम रोजगारमा संलग्न हुन चाहने व्यक्तिले हरेक वर्ष फागुनसम्ममा नाम दर्ता गरिसक्नुपर्ने व्यवस्था रहेकोमा चालु आर्थिक वर्षका लागि सात लाख ९७ हजार ७२५ र आर्थिक वर्ष २०८२/८३ का लागि सात लाख ४५ हजार ४३५ जनाले नाम दर्ता गराएको जानकारी दिए ।

सूचीकृत बेरोजगारहरूलाई न्यूनतम रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत न्यूनतम रोजगार दिन चालु आ.व.मा ६० हजारलाई रोजगार दिनेगरी बजेट विनियोजन भएको उनको भनाइ छ ।

**"जान"माथि...**

ध्यानाकर्षण गराउँदै नेपाली कांग्रेसकी सांसद गौतमले जाइका अल्मुनाई एसोसिएसन 'जान' नामक संस्थामार्फत विगत १५ वर्षदेखि चलिरहेको सिन्डिकेटको तथ्य मिडियामार्फत उजागर भएको बताइन् ।

उनले भनिन्, 'सरकारको पटक-पटक ध्यानाकर्षण गरिए पनि सुनुवाइ र सुधार भएको छैन । अहिले अधिकारवादीहरुले मुद्दा सर्वोच्च अदालतमा दायर गरेका छन् र कारण देखाऊ आदेश जारी भइसकेको छ ।'

जापान जान भाषा परीक्षा पास गरी सीओई पाइसकेका युवाहरु अहिले नेपालमै रोकिएर अनावश्यक दोस्रो परीक्षा दिन बाध्य भएको उनले बताइन् । 'भविष्य बनाउने आशामा लाखौं रुपैयाँ खर्च गरेका ती युवाहरू आज हतास, निराश र आक्रोशित छन्,' गौतमको भनाइ थियो, 'उनीहरूको आत्मबल कमजोर पारिएको छ, भविष्यमाथि प्रश्न उठाइएको छ ।'

सांसद गौतमले सरकारसँग अनधिकृत सिन्डिकेट तुरुन्त खारेज गर्न, यसमा संलग्न व्यक्तिहरूमाथि कानुनी कारबाही गर्न र वैदेशिक रोजगार प्रक्रिया पारदर्शी, प्रभावकारी र युवामैत्री बनाउने व्यवस्था गर्न माग गरिन् । हजारौं युवाको रोजगारीको सपनामा सरकार टुलुटुलु हेरेर बर्बाद गर्न नमिल्ने उनले बताइन् ।

जापान जाने कामदारलाई १५ वर्षदेखि लुटेको विषय सत्तारुढ दल नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा पनि उठेको थियो । कांग्रेस केन्द्रीय सदस्य एवं वैदेशिक रोजगार विभाग प्रमुख प्रकाश स्नेहीले बैठकमा भाषा परीक्षाका नाममा भइरहेको ठगीको तत्काल छानबिनका लागि पार्टी नेतृत्व र सरकारको ध्यानाकर्षण गराएका थिए ।

हाल सर्वोच्च अदालतमा विचाराधीन त्यससम्बन्धी रिटमा बुधबार पेसी तोकिएको छ ।

**डाक्टरहरूको...**

मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै संघले सोमबारदेखि देशभरका अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प पारेको थियो ।

उपभोक्ता ऐन र मुलुकी ऐन फौजदारीको संशोधन गर्नुपर्ने लगायतका माग राखेको चिकित्सकहरूले राखेका थिए । सहमतिअनुसार संघको माग सम्बोधन गर्न कानुनी एवम् नीतिगत व्यवस्थामा आवश्यक संशोधन लगायतका विषयमा ७ दिनभित्र सुझाव सहितको प्रतिवेदन पेस गर्न ३ सदस्यीय कार्यदल गठन भएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाका प्रमुख संयोजक रहने गरेर गठित कार्यदलको सदस्यमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र स्वास्थ्य मन्त्रालयबाट १ / १ जना सहसचिवस्तरका प्रतिनिधि रहने छन् ।

कार्यदलबाट प्राप्त प्रतिवेदनसम्बन्धी तीन मन्त्रालयका मन्त्री र नेपाल चिकित्सक संघ लगायतका सरोकारवाला पक्षहरू सम्मिलित यसै वार्ता टोलीमा पेस गरी सोहीअनुसार कार्यान्वयन गर्ने उपभोक्ता संरक्षण ऐन २०७५ लगायतका विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको आवश्यक संशोधनका लागि ७ दिन भित्रमा मन्त्रिपरिषद्बाट सम्बन्धित मन्त्रालयले सैद्धान्तिक सहमति लिने र फास्टट्र्याकबाट कानुन संशोधनको लागि यथाशीघ्र प्रक्रिया अगाडि बढाउने सहमति छ ।

उपभोक्ता अदालतले उपचारमा 'चिकित्सकीय लापरबाही' भएको ठहर गर्दै तीन फरक-फरक मुद्दामा अस्पताल र उपचारमा संलग्न चिकित्सकले क्षतिपूर्ति तिर्नुपर्ने आदेश दिएसँगै नेपाल चिकित्सक संघको आह्वानमा चिकित्सकहरुले एक हप्तादेखि चरणबद्ध रुपमा आन्दोलन गरिरहेका थिए । जसकारण सोमबार र मंगलबार देशभर अस्पतालमा आकस्मिकबाहेकका सबै सेवा ठप्प भएको थियो । आन्दोलित चिकित्सकहरूले मंगलबार काठमाडौंको माइतीघरमा समेत प्रदर्शन गरेका थिए ।

केही सातायता उपभोक्ता अदालतले उपचारमा लापरबाही गरेको मुद्दामा बिरामीका आफन्तको पक्षमा फैसला गरेको थियो । उपभोक्ता अदालतले ओम अस्पताललाई ५० लाख ७० हजार रुपैयाँ, हिमाल अस्पताल र उपचारमा संलग्न चिकित्सकलाई १ करोड ४५ लाख रुपैयाँ र ग्रान्डी सिटी अस्पताल र त्यहाँ उपचारमा कार्यरत चिकित्सकलाई ५७ लाख रुपैयाँ क्षतिपूर्ति बिरामी पक्षका परिवारलाई तिर्नुपर्ने फैसला गरेको थियो । उक्त फैसलामा असन्तुष्टि जनाउँदै चिकित्सकहरू आन्दोलनमा उत्रिएका थिए ।


## Provincial Government
# Ministry of Water Supply, Irrigation and Energy
# Water supply and Sanitation Division Office
### Koshi Pradesh, Jhapa

## Invitation for Bids

### Date of first Publication: 2082-03-25 (9th July, 2025)

1. Water Supply and Sanitation Division office, Jhapa invites electronic bids from eligible bidders for following works :

| S. N | Contract Identification Number | Description and Location of Work | Total Estimated Amount (Exclusive VAT & PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/Jhapa/NCB/ Works/17-2081/82 | Construction of Water Treatment Plant at Badamtar, Rong-02, Ilam | | 5,15,000 | 5,000 | 8th August 2025 12 Noon |
| 2 | WSSDO/Jhapa/NCB/ Works/18-2081/82 | Construction of OHT, Deep tube well and Pressure filter works at Simle, Jhapa | | 5,50,000 | 5,000 | 8th August 2025 12 Noon |
| 3 | WSSDO/Jhapa/NCB/ Works/19-2081/82 | Construction of OHT, deep tube well, approach road and compound wall at Panchgachhi, Jhapa | | 9,00,000 | 5,000 | 8th August 2025 12 Noon |
| 4 | WSSDO/Jhapa/NCB/ Goods/20-2081/82 | Supply and delivery of HDPE pipes for Tagandubba WSP, Jhapa | | 4,00,000 | 3,000 | 8th August 2025 12 Noon |
| 5 | WSSDO/Jhapa/NCB/ Goods/21-2081/82 | Supply and delivery of HDPE pipes for Tekra WSP, Jhapa | | 3,90,000 | 3,000 | 8th August 2025 12 Noon |
| 6 | WSSDO/Jhapa/NCB/ Goods/22-2081/82 | Supply and delivery of HDPE pipes for Jhiljhile WSP, Jhapa | | 2,50,000 | 3,000 | 8th August 2025 12 Noon |
| 7 | WSSDO/Jhapa/NCB/ Works/23-2081/82 | Construction of Pressure filter works at Jhiljhile, Shivasatashi, Jhapa | 43,58,450.03 | 1,22,000 | 3,000 | 8th August 2025 12 Noon |

Detailed notice can be accessed from www.bolpatra.gov.np/egp

**Division Chief**

# विद्यालय शिक्षा विधेयक चालु अधिवेशनबाटै पारित हुन्छ : मन्त्री पन्त



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले सरकारले सामुदायिक र सार्वजनिक विद्यालयहरुलाई पनि निजी विद्यालयको स्तरमा पुऱ्याउने गरी काम अघि बढाइरहेको बताएका छन्।

राष्ट्रिय सभाको मंगलबारको बैठकमा सांसदहरुले उठाएका जिज्ञासाको जवाफ दिँदै उनले यस्तो बताएका हुन्। उनले राज्यले यथेष्ठ लगानी गर्नसक्यो भने निजी स्तरकै सरकारी विद्यालयहरु बन्ने दाबी गरे।

सरकारले उच्च शिक्षालाई पनि समयानुकुल बनाउन चाहेको बताए। निजी विद्यालयलाई पनि गुठीको मोडेलमा ल्याउन प्रयत्नरत रहेको बताए।

मन्त्री पन्तले भने, 'निजी स्कुलको स्तरमा हामीले सामुदायिक र सार्वजनिक विद्यालयहरुलाई पुऱ्यायौं। राज्यले त्यहाँ यथेष्ठ लगानी गर्नसक्यो भने अहिले नै हामीले उदाहरण देखेका छौं। सामुदायिक र सार्वजनिक विद्यालय राम्रो हुँदा अभिभावकहरुले बोर्डिङमा भर्ना गरेका विद्यार्थी त्यहाँबाट झिकेर सार्वजनिक विद्यालयमा ल्याएका छन्। सरकारी विद्यालयमा ल्याएका छन्। सरकारले लिएको नीति के हो भने सरकारले तीन खम्बे अर्थनीति लिएको छ। जब हामी निजी क्षेत्रलाई शिक्षा क्षेत्रमा छुट दिने की नदिने भन्ने प्रश्न छ। सरकारले अहिले लिन खोजेको नीति निजी क्षेत्रमा चलेको स्कुल पनि सामुदायिक स्तरमा नगएपनि कमसेकम संस्थागत विद्यालयहरुलाई एउटा सहकारीको मोडेलमा, गुठीको मोडेलमा ल्याउनसकियोस् भन्ने प्रोत्साहनका लागि केही प्रावधान ल्याइएको छ।' मन्त्री पन्तले सरकारले विद्यालय शिक्षा विधेयक चालु अधिवेशनबाटै पारित गर्नेगरी काम गरिरहेको पनि बताए।

**शिक्षा विधेयकलाई शिक्षकको विधेयक नबनाइयोस्**

यस्तै राष्ट्रिय सभामा नेपाली कांग्रेसका सांसद युवराज शर्माले शिक्षा विधेयकलाई शिक्षक विधेयक नबनाउन सरकारसँग आग्रह गरे।

उनले विद्यालय शिक्षा विधेयकलाई शिक्षक विधेयक नबनाउन आग्रह गरे। उनले शिक्षकसँग थप सल्लाह गर्नु छ भनि सरकारद्वारा विद्यालय शिक्षा विधेयकलाई रोक्नु वा फिर्ता लिनु कदापि उचित नभएको बताए। विद्यालय शिक्षा विधेयक शिक्षकको लागि मात्र हो भने शिक्षकका संघ र संगठनलाई नै लेख्न दिए हुने उनको भनाइ छ।

उनले भने, 'शिक्षकसँग थप सल्लाह गर्नु छ भनि सरकारद्वारा विद्यालय शिक्षा विधेयकलाई रोक्नु वा फिर्ता लिनु कदापि उचित होइन। विद्यालय शिक्षा विधेयक शिक्षकको लागि मात्र हो भने शिक्षकका संघ र संगठनलाई नै लेख्न दिए त भइहाल्थ्यो। सल्लाह नै गर्नु थियो भने शिक्षकमात्रै किन ? विद्यार्थी, अभिभावक, संघसंगठन, अभिभभावक, स्थानीय पालिकासँग व्यापक छलफल गर्न उचित हुन्थ्यो। निजामति सेवा विधेयक जस्तै विद्यालय शिक्षा विधेयकमा पनि वितण्डा नमच्चियोस्। यो शिक्षा विधेयक हो, शिक्षक विधेयक मात्रै होइन भनेर सबैले बुझ्दा हुन्छ।' सांसद शर्माले निजामति सेवा विधेयक जस्तै विद्यालय शिक्षा विधेयकमा पनि वितण्डा नमच्चाउन आग्रह गरे। सरकारले शिक्षकहरुसँग सहमति गर्ने भन्दै शिक्षा, सूचना प्रविधि समितिमा रहेको विद्यालय शिक्षा विधेयकमा सहमति जुटाउन समय माग गरेको छ। समितिले ५ दिनको समय दिएको छ।

# उद्योगधन्दा फस्टाउन राजनीतिक तहबाट बुझ्न जरुरी : मन्त्री भण्डारी



**काठमाडौं/मस–** उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगधन्दा फस्टाउँदा देशको समृद्धि हुन्छ भन्नेकुरा राजनीतिक तहबाट बुझ्न जरुरी रहेको बताएका छन्।

मंगलबार ललितपुरमा नेपाल उद्योग परिसंघको २२ औं वार्षिक साधारण सभामा बोल्दै उनले यस्तो बताएका हुन्। उनले उद्योग निजी क्षेत्रको हो, उद्योगी र व्यवसायीको हो भनेर सोच्दा अहिलेसम्म समस्या झेलिरहनुपरेको बताए। उनले व्यवसाय वृद्धि भयो भने जिडिपीमा यसको योगदा बढ्यो भने देश समृद्ध हुन्छ भनेर राजनीतिक तहबाट आवश्यक सम्बोधन हुन नसकेको बताए।

नेपालको पुँजीबजारको झन्डै ८० प्रतिशत क्षेत्र निजी क्षेत्रको रहेपनि योगदान ५ प्रतिशत मात्रै रहेको बताए।

उद्योगमन्त्री भण्डारीले भने, 'नेपालको पुँजीबजारको झन्डै ८० प्रतिशत क्षेत्र निजी क्षेत्रको छ। तर योगदान कति छ भन्दा ५ प्रतिशत छ। यसले समग्र देशको अर्थतन्त्र, उद्योग, देशको रोजागरी, देशको उद्यमशिलता, विकास, मार्गचित्र त्यहीँ केन्द्रित छ। यो स्थिति जबसम्म रहन्छ, निजी क्षेत्रले मात्रै सधैँ आफ्ना कार्यक्रममा सधैँ यिनै कुरा, यिनै माग, यिनै मुद्दा कति भन्दा दुई दशक भन्दा बढी यसको संस्थापक अध्यक्षज्युबाट ति मागहरु उठ्दै गर्दा आज २२ वर्ष पूरा हुँदा पनि तिनै मागहरु तिनै मुद्दाहरु, तिनै सन्दर्भहरु, तिनै विषयहरु छन्। झनै प्रतिकुलता झेलिरहेको छ। यो निजी क्षेत्रको कुरा हो, उद्योगीको हो, व्यवसायीहरुको हो। उद्योग मेरो, राष्ट्रको हो। व्यवसाय वृद्धि भयो भने जिडिपीमा यसको योगदा बढ्यो भने देश समृद्ध हुन्छ भनेर राजनीतिक तहबाट जसरी सम्बोधन गर्नुपर्ने हो त्यो हुन सकेन।'

मन्त्री भण्डारीले शासकीय प्रणालीभित्रको सुधारलाई निर्ममतापूर्वक सुधार गर्न नसकेसम्म उद्योग क्षेत्र फस्टाउन नसक्ने बताए।

# परराष्ट्रमन्त्री र जर्मनीका विदेशमन्त्रीबीच भेटवार्ता



**काठमाडौं/मस–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र जर्मनीका विदेशमन्त्री डा. जोहान डेविड वेडफुलबिच द्विपक्षीय भेटवार्ता भएको छ। जर्मनीको बर्लिनमा भएको वार्तामा नेपाल जर्मनी सम्बन्ध, द्विपक्षीय हित र साझा चासोका विविध विषयमा कुराकानी भएको हो।

त्यस अवसरमा मन्त्री राणाले जर्मनी नेपालको ठूलो र पुरानो विकास एवं व्यापार साझेदार हरूमध्ये एक रहेको तथा आर्थिक, सामाजिकलगायतका क्षेत्रमा नेपालले जर्मनीको सहयोग प्राप्त गर्दै आएको स्मरण गर्दै जर्मनी सरकार एवं जर्मन नागरिकहरूप्रति धन्यवाद ज्ञापन गरिन्। मन्त्री राणाले नेपाल र जर्मनीबिचको द्विपक्षीय व्यापार थप प्रवर्द्धन गर्न सामूहिक प्रयास एवं दुवै देशका निजी क्षेत्रबिचको सञ्जाललाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिँदै नेपालमा रासायनिक मल उत्पादन कारखाना लगायतका क्षेत्रमा जर्मनीको लगानीका लागि आग्रह गरिन्।

त्यस अवसरमा मन्त्री राणाले नेपालले २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि यसलाई सहज एवं दिगो बनाउन रणनीति बनाइरहेको जानकारी दिँदै त्यसपछि नेपालले जर्मनी, युरोपियन युनियन एवं अन्य साझेदारहरूबाट स्रोत, प्रविधि र आर्थिक सहयोगको अपेक्षा गरेको पनि बताइन्।

त्यसैगरी मन्त्री राणाले नेपाल सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषदको सदस्य, २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद सदस्य तथा सन् २०३७ देखि २०३८ का लागि सुरक्षा परिषदको अस्थायी सदस्यमा उम्मेदवारी दिएकाले त्यसमा सहयोगका लागि आग्रह गर्दा विदेशमन्त्री डेविडले नेपाललाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। जर्मनी नेपालका लागि युरोपको दोस्रो ठूलो पर्यटक स्रोत रहेको तथा दुई देशबीच पर्यटनको ठूलो सम्भावना रहेको भएपनि प्रत्यक्ष हवाई सम्पर्कको अभावमा यसबाट पूर्ण मात्रामा लाभ लिन नसकिरहेकाले दुई देशबीच सिधा उडानका लागि पनि मन्त्री राणाले आग्रह गरिन्।

# आयुर्वेदिक औषधि निर्यातलाई सहज बनाउन 'जिएमपी' प्रमाणपत्र दिइने



**काठमाडौं/मस–** नेपाली आयुर्वेदिक तथा परम्परागत औषधि अन्तरराष्ट्रिय बजारमा निर्यात गर्ने उद्देश्यले कुशल उत्पादन अभ्यास (जिएमपी) प्रमाणपत्र दिने मापदण्ड स्वीकृत गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले जिएमपी प्रमाणपत्र दिने व्यवस्था सम्बन्धी मापदण्ड स्वीकृत गरेका हुन्।

नेपालमा विभिन्न कम्पनीहरू आयुर्वेद र अन्य परम्परागत चिकित्सा प्रणालीका औषधि उत्पादन गर्दै आए पनि हालसम्म ती औषधि अन्तरराष्ट्रिय बजारमा वैधानिक रूपमा निर्यात गर्न जिएमपी प्रमाणपत्रको व्यवस्था थिएन।

औषधि उत्पादन कुशल अभ्यासको दोस्रो संहिताले यस समस्याको समाधान गर्ने अपेक्षा गरिएको छ। यो संहिताअनुसार उत्पादकहरूले उत्पादन प्रक्रिया, भण्डारण, गुणस्तर परीक्षण, आधुनिक प्रविधिको प्रयोगलगायतका मापदण्डहरू पूरा गर्नुपर्नेछ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले संहिताको मापदण्ड पूरा गर्ने उत्पादकले औषधि व्यवस्था विभागबाट जिएमपी प्रमाणपत्र प्राप्त गर्ने र जसले आयुर्वेद, होमियोप्याथीलगायत औषधिहरूको वैधानिक नियात मार्ग खुलाउने जानकारी दिए। हालसम्म 'एलोप्याथिक' औषधिहरूमा मात्र जिएमपी प्रमाणपत्र प्रदान गरिँदै आएको थियो। परम्परागत औषधिले जिएमपी नपाउँदा विदेश निर्यात गर्न सकिएको थिएन।

# छिटो न्याय सम्पादन र जनआस्था वृद्धि गर्न अहोरात्र खटिरहेका छौं : प्रधानन्यायाधीश राउत



**काठमाडौं/मस–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले छिटो न्याय सम्पादन र जनआस्था वृद्धि गर्न अहोरात्र खटिरहेको बताएका छन्।

सर्वोच्च अदालतमा आयोजित गोला प्रक्रियाबारे पत्रकारलाई जानकारी गराउँदै प्रधानन्यायाधीश राउतले भने,'संविधानले प्रधानन्यायाधीशसहित २१ न्यायाधीशको व्यवस्था गरेको भए पनि पूर्ण रूपमा न्यायाधीश हुन सकेको छैन, आज तीन जना आएपछि २० जना भयौं, छिटोछरितो न्याय दिने दायित्व निर्वाह गरिरहेका छौं, कसरी राम्रो गर्न सकिन्छ भनेर दैनिक निर्मम समीक्षा गर्ने गरेका छौं।'

उर्जावान् तीन न्यायाधीश भित्र्याउने अवसर मिलेको र यो संख्या थप भएसँगै न्यायापालिकाप्रतिका जनताको विश्वास र चाँडो न्याय सम्पादनका लागि काममा ध्यान दिन सबैलाई आग्रहसमेत गरे।

सर्वोच्च अदालतको आजसम्म जम्मा मुद्दा २४ हजार ८४६ रहेको छ। त्यसमध्ये पाँच वर्ष नाघेका मुद्दाको संख्या एक हजार ४११ रहेको छ। दुई वर्ष नाघेका मुद्दाको संख्या नौ हजार २७२ रहेको छ।

**शपथ लिएसागै नवनियुक्त ३ न्यायाधीशलाई तोकियो इजलास**

सर्वोच्च अदालतका नवनियुक्त तीन न्यायाधीशहरुले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन्। सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापाले मंगलवार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेका हुन्। न्याय परिषद्ले गत जेठ २७ गते उनीहरुलाई सर्वोच्च अदालतमा न्यायाधीशमा नियुक्त गर्न सिफरिस गरेको थियो। नवनियुक्त न्यायाधीशहरुले मंगलबार नै इजलास आएका छन्।

मंगलवार बिहान पद तथा गोपनीयताको शपथपछि गोलाप्रथाबाट नवनियुक्त न्यायाधीशहरुले इजलास पाएका हुन्। नवनियुक्त तीन जना न्यायाधीशलाई यसअघि कार्यरत वरिष्ट न्यायाधीशको नेतृत्वमा संयुक्त इजलास परेको छ। नवनियुक्त न्यायाधीश मेघराज पोखरेलले न्यायाधीश विनोद शर्मासँग बेन्च शेयर गर्नुहुने छ। त्यस्तै नवनियुक्त न्यायाधीश शान्तिसिंह थापाले न्यायाधीश डा. कुमार चुडालसँग र नवनियुक्त न्यायाधीश श्रीकान्त पौडेलले न्यायाधीश डा. मनोजकुमार शर्मासँग संयुक्त इजलासमा बेन्च सेयर गर्नेछन्। न्यायाधीशहरुको शपथ कार्यक्रममा बोल्दै प्रधानन्यायाधीश राउतले न्यायपालिकाप्रति जनताको विश्वास कायम राख्न नवनियुक्त न्यायाधीशहरू अहोरात्र खटिनेमा आफू विश्वस्त रहेको बताए। उनले नेपालको न्याय प्रणालीमाथि जनताको विश्वास अभिवृद्धि गर्न सर्वोच्च अदालत दृढ रहेको समेत बताए। उनले सर्वोच्च अदालतमा नवनियुक्त सहित २० जना न्यायाधीशले काम गर्दा मुद्दा फर्स्योटको प्रक्रियाले गति लिने समेत विश्वास व्यक्त गरे।

# मधेश प्रदेशमा मैथिली र भोजपुरी भाषा सरकारी कामकाजमा प्रयोग गर्न माग



**काठमाडौं/मस–** मधेश प्रदेशमा मैथिली र भोजपुरी भाषालाई सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयन गर्न माग गरिएको छ।

नेपाल प्रज्ञा-प्रतिष्ठान, भाषा, कोष र व्याकरण विभागले मंगलबार आयोजना गरेको 'मधेश प्रदेशमा सरकारी कामकाजको भाषा' विषयक विचार गोष्ठीका वक्ताहरूले मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषालाई सरकारी कामकाजको मान्यता दिइ कार्यान्वयन गर्नुपर्ने माग गरेका हुन्।

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्य डा.सूर्यप्रसाद यादवले मधेश प्रदेशका आठ जिल्लामा बोलिने मैथिली भाषा हरेक दृष्टिकोणले सरकारी कामकाजको भाषाका लागि उपयुक्त रहेकाले पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने बताए। उनले भने, 'सामान्यतः सरकारी कामकाजको भाषा निर्धारण राजनीतिक प्रक्रियाबाट हुने भए पनि यो नितान्त संवैधानिक विषय हो, यसको निर्धारण सम्बन्धित प्रदेशमा प्रयोग भइरहेको मातृभाषाहरूमध्येबाट सङ्ख्यात्मक रूपमा पहिलो स्थानको भाषालाई चयन गर्नुपर्छ।'

नेपालको राष्ट्रिय जनगणना २०७८ विश्लेषण गर्दा मधेश प्रदेशमा बोलिने मातृभाषाहरूमध्ये मैथिली प्रमुख भएकाले सरकारी कामकाजको भाषाका लागि उपयुक्त हुने उनको भनाइ छ।

भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुरले आयोगले मधेश प्रदेशका लागि मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरको बताए। राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा मैथिली ४१.७३, भोजपुरी १८.८०, बज्जिका १८.४३ वक्ता संख्या छन्।

**कतारमा रोजगार**
कम्पनी : ANSAR GALLERY
शहर: Doha
पूर्व स्वीकृत मिति: २०८०/०६/१८ चलानी नं.: ६०२०८७४३ L.T.No.: 293598
पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 2 | | 1000 | ३७६१० | | | | | | | |
| 3. | Labour | 12 | 0 | | 1000 | ३७६१० | | | | | | | |
| 4. | Purchase Incharge | 2 | 0 | | 2200 | ८२७४२ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1100 | ४१३७१ | | | | | | | |
| 6. | Salesman | 0 | 3 | | 1300 | ४८८९३ | | | | | | | |
| 7. | Store Keeper | 1 | 0 | | 1900 | ७१४५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ।
यसै कम्पनीको लागि अन्य पदहरूको पनि कामदारको माग भई आएकोले जान चाहानु हुने महानुभावहरूले मेनपावर कार्यालय सिनामंगलमा नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

इलेक्ट्रा रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.
सिनामंगल, सम्भु मार्ग, शारदा मा.वि.को अगाडीको घर। फोन नं.: ०१–५९२४८७१.
Mobile No: 9851167339, 9801200677, 9801200676, 9841667349.
श्रम इजाजत पत्र नं. ८२९/०६६/०६७.

**यूएईमा रोजगार**
कम्पनी: Integrated Parking Services LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/२२ चलानी नं.: ६०२४०८९६ L.T. No.: 326813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticket Collector | 50 | 0 | स. काममा दक्ष | 1000 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता सेन्टर प्वाइन्ट होटल, झापामा २०८२ असार ३२ गते (16 July 2025) मा हुनेछ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८२ साउन १ गते (17 July 2025) मा हुनेछ।
अन्तर्वार्ता भरतपुर गार्डेन रिसोर्ट, चितवनमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ।
अन्तर्वार्ता बाजेको सेकुवा पोखरा, कास्कीमा २०८२ साउन ४ गते (20 July 2025) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ साउन ५ गते (21 July 2025) मा हुनेछ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**हकदावी सम्बन्धी ३५ दिने सूचना**
कम्पनी ऐन २०६३ बमोजिम २०७७/०४/०८ मा दर्ता भएको **प्रा.लि. नं. २३८६२१** को **न्यूज ट्वान्टी ट्वान्टी प्रा.लि.** को मिति २०८२/०३/२३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
लिक्विडेटर: लिलानाथ कंडेल
ठेगाना: अनामनगर, काठमाडौं, फोन: ९७०८०७३२००

**SAUDI मा रोजगार** Al Bayan Higher Contracting Est.
पूर्व स्वीकृती मिति: २०८२/३/२४ चलानी नं. : ६०२४०८६९ LT No.: 326936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper/Ordinary Labourer/ Loading & Unloading Worker | 8 | 0 | काममा दक्ष | 1000 | ३६,५६०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ असार ३२ गते (16 July, 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ।
डायना ओभरसिज प्रा. लि.
DIANA OVERSEAS
श्रम ईजाजत पत्र नं :४०६/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
तेस्रो पटक प्रकाशित मिति: २०८२/०३/२५
**प्रिन्सटन अडिट एण्ड ट्याक्स कन्सल्टेन्ट प्रा.लि.** को मिति २०७८/०६/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्रिन्सटन बिजनेस कन्सल्टिङ्ग प्रा. लि. (दर्ता नं. १६३६८१/०७३/०७४)** कायम गर्ने गरी मिति २०७८/१२/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति: २०८२/०३/२५
**एस.आर.के. नेपाल प्रा.लि.** को मिति २०७८/११/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस.आर.के. ओभरसिज नेपाल प्रा.लि. (दर्ता नं. १६४११०/०७३/०७४)** कायम गर्ने गरी मिति २०७९/०२/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मध्यान्ह
www.madhyanhadaily.com

२५ असार २०८२ बुधबार
9 July 2025, Wednesday

## सम्पादकीय

# भोटेकोशी प्रकोपको शिक्षा

सोमबार साँझसम्म सबै ठिकठाक रहेको रसुवाको भोटेकोशी आसपासको संरचना तहसनहस हुन पुगेको छ । भोटेकोशीमा आएको बाढीले ६ जना चिनियाँ, ३ जना प्रहरी सहित १८ जना बेपत्ता भएका छन् भने दुई जनाको शव फेला परेको छ । बेपत्ता भएकाहरू फेला पर्न सकेका छैनन् । बाढीमा फसेका केहीलाई नेपाली सेनाको टोलीले उद्धार गरेको छ । भोटेकोशी हुँदै त्रिशुलीसम्मै किनाराका संरचनाहरूमा बाढीले क्षति पुगेको छ । चीनसँग जोड्ने मितेरी पुल बगेको छ । सुख्खा बन्दरगाह समेत बग्दा एक सय भन्दा बढी मालबाहक गाडी बगेको अनुमान गरिएको छ । क्षतिको प्रारम्भिक विवरण बढिरहेकै छ । उद्धार कार्यमा राज्यका संरचना जुटेका छन् ।

राजनीतिक दलहरूले आफ्ना पार्टी संरचनालाई उद्धार, राहत र अस्थायी पुनर्स्थापनाका निम्ति परिचालित गरेका छन् । आफ्ना कार्यकर्ताहरू उद्धार कार्यमा खटिन शीर्ष नेताहरूले निर्देशन दिएका छन् । आपतका बेला राज्यका संयन्त्र परिचालित हुनैपर्छ । सार्वजनिक सूचना सहित संयन्त्र खटिएका छन् । सेना, प्रहरी, सशस्त्र र राज्यका निकायहरू परिचालित भएको सूचना र तस्वीरहरू सार्वजनिक भइरहेका छन् । सँगै यो तहमा क्षति पुग्नुको कमजोरी पनि छताछुल्ल भएका छन् । कतिसम्म भने रसुवाका सिडियो र डीएसपी समेत मंगलबार बिहान हेलिकोप्टरबाट जिल्ला पठाउनु परेको थियो । उनीहरू काठमाडौंमै थिए । जबकि बाढी, पहिरो, डुबान जस्ता प्रकोपको खतरा रहने समय नै हो । यद्यपि भोटेकोशीको बाढी चीन तर्फको असर थियो ।

तर चीन तर्फबाट खतराको सन्देश यसअघि पनि पठाइएकै थियो । बाढीको खतरा रहेको भन्दै सतर्क रहन नेपाल तर्फ सूचना पठाइएको समाचारहरू आएका थिए । रसुवा प्रशासन आफैले पनि प्रकोपको खतरा रहेको सूचना जारी गरेका थिए । कोशी किनारा खतरामा रहेकाले सतर्कता अपनाउन भनिएको थियो । गाडीहरू जोगाउन र मानवीय सतर्कता अपनाउन भनिएको थियो । तर यो सूचनालाई बेवास्ता गरिएको घटनाक्रमबाट पुष्टि हुन्छ । प्रशासन आफै पनि पूर्वानुमानप्रति गम्भीर देखिएन । यदि गम्भीर हुन्थ्यो भने सिडियो र डीएसपी जिल्लामै नहुने, किनाराका संरचना र मानवीय गतिविधि कायमै हुने जस्ता घटना हुने थिएन । तर हुने क्षति पुगिसकेको छ । अब अरूतिर यो घटनाको पाठ लिन जरूरी छ । प्रकोपबाट बच्न पूर्वतयारी बाहेक अर्को विकल्पै छैन ।

# सुशासनका लागि गृह मन्त्रालयको पुनर्संरचना

*शासन व्यवस्था खाली कानुन बनाएर मात्रै हासिल गर्न सकिन्न, यसलाई व्यवहारमा उतार्नका लागि सरकारको मुख्य अंगको रूपमा रहेको गृह मन्त्रालयको कार्य विस्तार, कर्तव्य र प्रशासनिक अंगहरूको सांगठनिक स्वरूपलाई समसामयिक आवश्यकताअनुसार बनाउन अनिवार्य छ । किनकि गृहमन्त्रालय नै त्यस्तो मन्त्रालय हो, जसले विपद्का घटनादेखि जनसुरक्षाका घटनासम्मको जिम्मेवारी बहन गरेको हुन्छ...*

अग्रलेख



● डा. शेरजंग बहादुर चन्द

असल शासन व्यवस्था, जसलाई सुशासन पनि भनिन्छ । सुशासन एउटा यस्तो जग हो, जहाँ पारदर्शिता प्रस्फुटित हुन्छ, जवाफदेहिताको भावना बलियो हुन्छ, काम गर्ने तरिकामा दक्षता देखिन्छ, सबैको सहभागिता सुनिश्चित हुन्छ, कानुनीराज स्थापित हुन्छ र सार्वजनिक सेवा प्रणालीमा भ्रष्टाचारको नाम निशान हुँदैन । नेपालको सन्दर्भमा, सुशासनको बारेमा विभिन्न बहसहरू त चल्छन्, तर यसको कार्यान्वयन पक्षमा भने धेरै कमजोरी छ । सुशासनलाई प्रभावकारी बनाउन नसक्नुका प्रमुख कारणहरूमध्ये गृह मन्त्रालयको अत्याधिक केन्द्रीकरण, विभिन्न संरचनागत जटिलता, प्राविधिक ज्ञान र सीपको कमी तथा अधिकारको स्पष्ट विभाजन नहुनु हो । गृह मन्त्रालय, देशका नागरिकहरूको सुरक्षाका साथै, सुशासनको आधार स्तम्भ बन्न सक्ने क्षमता राख्ने एउटा महत्वपूर्ण निकाय हो । तर, यसका कार्यक्षेत्रहरू प्राकृतिक प्रकोप व्यवस्थापनदेखि अपराध अनुसन्धानजस्ता महत्वपूर्ण कार्यहरू एउटै प्रशासनिक प्रणालीभित्र सीमित हुँदा तिनको प्रभावकारिता घट्दै गएको देखिन्छ । त्यसैले अब गृह मन्त्रालयलाई वास्तविकरूपमा सशक्त र प्रभावकारी बनाउनका लागि यसको कार्यक्षेत्रलाई पुनर्परिभाषित गर्नुपर्ने तथा नयाँ किसिमको संगठनात्मक संरचनाको निर्माण गर्नु अति आवश्यक छ । यसले मन्त्रालयलाई आफ्नो काममा केन्द्रित हुन र नागरिकप्रति उत्तरदायी बन्न सघाउ पुऱ्याउँछ ।

### जिल्ला प्रशासन कार्यालयको पुनर्संरचना

अहिलेको अवस्थामा, जिल्ला प्रशासन कार्यालयले प्रशासकीय कार्यहरू जस्तैः नागरिकता वितरण, राहदानी बनाउने, राजनीतिक दलहरूसँग समन्वय गर्ने, सुरक्षाको रेखदेख गर्ने र शान्ति तथा सुव्यवस्था कायम राख्नेजस्ता महत्वपूर्ण जिम्मेवारीहरू निर्वाह गर्छ । तापनि, विद्यमान संरचनाअनुसार, यस कार्यालयमा अनुसन्धान गर्ने, सूक्ष्मरूपले निगरानी राख्ने र प्रभावकारी कारबाही गर्ने ठोस अधिकारको कमी छ, जसले गर्दा प्रशासनका कतिपय पक्षहरूमा समस्याहरू देखा पर्ने सम्भावना रहन्छ । अब जिल्ला प्रशासन कार्यालयलाई अझ बलियो बनाउनका लागि 'सशक्त जिल्ला प्रशासन कार्यालय'को अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस योजनाअनुसार, प्रशासन कार्यालयलाई थप अधिकार सम्पन्न बनाइयोस्, ताकि यसले प्रभावकारी रूपमा काम गर्न सकोस् । यस नयाँ संरचनाअन्तर्गत, एउटा छुट्टै प्राविधिक अनुसन्धान शाखाको स्थापना गर्नुपर्ने हुन्छ । यो शाखा मुख्यतः सरकारी कामकाजमा हुने भ्रष्टाचार, ढिलासुस्ती र अन्य अनियमितताहरूलाई सूक्ष्मरूपमा अनुगमन गर्ने, आवश्यक प्रमाणहरू संकलन गर्ने र तत्सम्बन्धी प्रतिवेदन तयार गर्ने जस्ता कार्यहरूका लागि जिम्मेवार हुनेछ । यस शाखाले पारदर्शिता कायम गर्न र सुशासन प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

### पञ्जीकरण कार्यालयको भूमिका

अहिलेको अवस्थामा नागरिक परिचयपत्र, राहदानी बनाउने, विवाह दर्ता, जन्मदर्ता तथा मृत्यु दर्ता जस्ता अत्यावश्यक कागजात बनाउने सम्पूर्ण कार्य जिल्ला प्रशासन कार्यालयबाटै हुँदै आएको छ । तर, यस प्रक्रियामा सेवाग्राहीहरू लामो समयसम्म लाइनमा बस्नुपर्ने, काममा ढिलासुस्ती हुने, घुस दिनुपर्ने जस्ता समस्याहरू सामान्य बनिसकेका छन् । यस्तै, कतिपय अवस्थामा कागजातको दुरुपयोग हुने गरेको पनि देखिन्छ । यस विसंगतिलाई हटाउनको लागि, 'पञ्जीकरण तथा नागरिक सेवा कार्यालय' नामको एक पूर्णरूपमा स्वतन्त्र कार्यालय स्थापना गर्नु आवश्यक छ । यस नयाँ कार्यालयले नागरिकतासम्बन्धी सम्पूर्ण कार्यहरू, राहदानी बनाउने प्रक्रिया, विभिन्न प्रकारका प्रमाणपत्रहरू जारी गर्ने, जनसंख्या अभिलेख व्यवस्थित गर्ने, डिजिटल हस्ताक्षर प्रमाणीकरण गर्ने र ई-सेवा प्रणालीमा पहुँच दिनेलगायतका कार्यहरू एकै छानामुनि अर्थात् एकद्वार प्रणालीबाट सम्पन्न गर्नुपर्ने व्यवस्था मिलाउँछ ।

### नेपाल प्रहरीको नयाँ परिभाषा

नेपाल प्रहरी एक बहुआयामिक कार्य गर्ने संगठन हो, जसका विविध कामहरू छन् । यसले अपराधको अनुसन्धान, ट्राफिक व्यवस्थापन, प्रशासनिक सुरक्षा, विभिन्न कार्यक्रमहरूको व्यवस्थापन र भिड नियन्त्रणजस्ता अनेकौं जिम्मेवारीहरू निर्वाह गर्दछ । यति धेरै प्रकारका कर्तव्यहरूमा सहभागी हुँदा प्रहरीको वास्तविक दायित्व, जुन अपराध अनुसन्धान हो, ओझेलमा परेको छ । यसले गर्दा प्रहरीको कार्यसम्पादनमा असर परेको देखिन्छ र यसको प्रभावकारितामा प्रश्न उठ्ने अवस्था सिर्जना भएको छ । प्रहरीलाई मुख्यरूपमा अपराध अनुसन्धानमा समर्पित एक विशेष दक्षता भएको संगठनको रूपमा रूपान्तरण गर्नु आवश्यक छ । यसको अर्थ प्रहरीले अपराध अनुसन्धानमा विशेषज्ञता हासिल गरोस् र यसै क्षेत्रमा केन्द्रित रहेर काम गरोस् भन्ने हो । अत्याधुनिक डिजिटल फरेन्सिक प्रविधि, डीएनए विश्लेषण, साइबर क्राइमको अनुसन्धान, र सूक्ष्म निगरानी जस्ता क्षमताहरूमा व्यापक लगानी गरिनुपर्छ । यसका साथै, खोज र अनुसन्धानका लागि आवश्यक पर्ने अत्याधुनिक उपकरण तथा प्रविधिहरूको व्यवस्था गर्नुपर्छ । यसका अतिरिक्त, अनुसन्धानकर्ताहरूलाई नियमितरूपमा तालिम दिई उनीहरूको ज्ञान र सीपलाई अद्यावधिक राख्नुपर्छ । प्रहरीका सानातिना प्रशासनिक कार्यहरू र सामाजिक सेवाका कार्यहरू अन्य सरकारी निकायहरूलाई हस्तान्तरण गर्नुपर्छ । यसो गर्दा प्रहरीले गम्भीर प्रकृतिका अपराधहरू, संगठित अपराध, मानव बेचबिखन, साइबर अपराध, आतंकवाद र राष्ट्रिय सुरक्षासँग सम्बन्धित संवेदनशील मुद्दाहरूमा मात्रै ध्यान केन्द्रित गर्न सक्नेछ । यसले प्रहरीलाई आफ्नो मुख्य कार्यक्षेत्रमा विशेषज्ञता हासिल गर्न र देशमा शान्ति सुरक्षा कायम राख्न थप सक्षम बनाउनेछ ।




### ट्राफिक प्रहरीलाई अलग र स्वायत्त संस्था

अहिले ट्राफिक प्रहरी नेपाल प्रहरीअन्तर्गत रही सडक यातायात व्यवस्थापन, ट्राफिक नियमहरूको पालना गराउने, सवारी दुर्घटनाहरूको व्यवस्थापन, चालक अनुमति पत्रको अनुगमन र जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्ने महत्वपूर्ण जिम्मेवारी निभाउँदै आएको छ । तर, विद्यमान संरचनामा पर्याप्त प्रविधिको अभाव छ । जनशक्ति पनि आवश्यकताअनुसार उपलब्ध छैन र यसले पर्याप्त कार्यगत स्वतन्त्रताको अनुभव गर्न सकेको छैन । ट्राफिक प्रहरीलाई हालको प्रहरी संगठनबाट पूर्णरूपमा अलग गरी 'यातायात व्यवस्थापन प्राधिकरण' अथवा 'सडक सुरक्षा बोर्ड' जस्ता नामहरूबाट चिनिने एक पूर्ण स्वायत्त निकायको स्थापना गरिनुपर्छ । यस किसिमको स्वतन्त्र निकायले सडक सुरक्षा र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मद्दत गर्नेछ ।

### विपद् प्राधिकरणलाई स्वशासित बनाउनु पर्ने

नेपाल एउटा यस्तो राष्ट्र हो, जहाँ भू-बनोट, वातावरण र जलवायुसँग सम्बन्धित जोखिमहरू अत्यधिक मात्रामा विद्यमान छन् । यहाँ प्राकृतिक प्रकोपहरू, जस्तै : बाढी, पहिरो, भूकम्प, आगलागी तथा डुबानजस्ता विपत्तिहरू बारम्बार आइरहन्छन् । यस्ता विपद्को पूर्वतयारी, तत्काल उद्धार र दीर्घकालीन पुनर्स्थापनाको महत्वपूर्ण कार्यभार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सुम्पे पनि हालको अवस्थामा यसको कार्यक्षेत्र गृह मन्त्रालयको निर्देशित सीमाभित्र सीमित छ, जसले प्राधिकरणको प्रभावकारी काममा बाधा पुऱ्याइरहेको छ । प्राधिकरणलाई पूर्णरूपमा स्वायत्तता प्रदान गरिनुपर्छ, जसले गर्दा यो प्राविधिक क्षमता र कार्य सञ्चालनमा स्वतन्त्र भई काम गर्न सकोस् । प्राधिकरणले कुनै पनि दबाब बिना आफ्नो कार्य सम्पादन गर्न सक्ने वातावरण बनाउनुपर्छ । विपत्ति आइपरेको अवस्थामा स्थानीय तहदेखि केन्द्रीय तहसम्मका उद्धार संयन्त्रको सम्पूर्ण जिम्मेवारी प्राधिकरणले लिन सक्ने व्यवस्था मिलाउनु पर्दछ । यसले उद्धार कार्यलाई एकीकृत र छिटो बनाउन मद्दत पुऱ्याउँछ ।

### अनुसन्धान विभागको पुनर्संरचना

राष्ट्रिय अनुसन्धान विभागको कार्यक्षेत्रलाई अब जिल्ला तहसम्मै फैलाउनु पर्ने आवश्यकता देखिएको छ । वर्तमान समयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहेको राष्ट्रिय अनुसन्धान विभागको सम्पूर्ण गतिविधिहरू संघीय सरकारको कार्यक्षेत्रभित्र मात्र सीमित छन् । तर, मुलुकमा सुशासन कायम राख्नको लागि स्थानीय तहसम्म यसको प्रभावकारी उपस्थिति हुनु अपरिहार्य छ । प्रस्ट छ, हरेक जिल्ला प्रशासन कार्यालयअन्तर्गत राष्ट्रिय अनुसन्धान विभागका स्थायी प्रतिनिधिहरू खटाउने व्यवस्था मिलाउनु पर्दछ । जसले गर्दा विभागको पहुँच र कार्यान्वयन क्षमता स्थानीय स्तरसम्मै सहजै पुग्न सकोस् ।

### सशस्त्र प्रहरी बलको पुनर्संरचना

नेपालमा आन्तरिक सुरक्षासम्बन्धी विभिन्न निकायहरू क्रियाशील छन् । यद्यपि, कार्य क्षेत्रहरूको अस्पष्टता, दोहोरो जिम्मेवारी र स्रोतको खिचातानीका कारण सुरक्षा संयन्त्रहरू कमजोर देखिएका छन् । यस्तो अवस्थामा सशस्त्र प्रहरी बल नेपाललाई केही स्पष्ट र रणनीतिक सुरक्षागत कार्यहरू केन्द्रीकृतरूपमा जिम्मा दिन खाँचो छ । यसले सुसंगठित सुरक्षा, स्रोतको प्रभावकारी प्रयोग र जवाफदेही संयन्त्र बलियो बनाउनेछ । नेपाल-भारत तथा नेपाल-चीन खुला सिमानाका कारण चोरी पैठारी, मानव तस्करी, अवैध आप्रवासन, आपराधिक गतिविधि बढ्दो छ । जसलाई नियन्त्रण लिन सशस्त्र प्रहरीलाई स्थायी सीमा चौकी, प्रविधियुक्त निगरानी र ट्र्याकिङ प्रणाली, गस्ती, चेकपोस्ट सञ्चालनको सम्पूर्ण जिम्मा दिनुपर्छ ।

नागरिक प्रदर्शन, आन्दोलन र भिड व्यवस्थापनमा व्यवस्थित, प्रशिक्षित र संयमित बल आवश्यक पर्छ । सशस्त्र प्रहरीलाई विशेष दंगा नियन्त्रण टोली, आवश्यक सुरक्षा उपकरण, मनोवैज्ञानिक तालिम र रणनीतिक नियन्त्रण क्षमतासहित जिम्मा दिनुपर्छ । बाढी, पहिरो, आगलागी, भूकम्प जस्ता विपद्को समयमा उद्धार, राहत, पुनर्स्थापना र जोखिम नियन्त्रण कार्यमा सशस्त्र प्रहरीलाई केन्द्रीय बलको रूपमा परिचालन गर्नुपर्छ । सीमा क्षेत्रमा राजस्व चुहावट रोक्न, सशस्त्र प्रहरीले भन्सार कार्यालयहरूसँग सहकार्य गर्दै निगरानी, नियन्त्रण जस्ता कार्य गर्नुपर्छ । सरकारी भवन, संरचना र कर्मचारीमाथि हुने सम्भावित आक्रमण, तोडफोड वा आतंकवादको जोखिम न्यूनीकरणमा स्थायी सुरक्षा तैनाथी सशस्त्र प्रहरीको जिम्मा हुनुपर्छ । ठूला परीक्षाहरू (लोकसेवा, प्रहरी, सेना, शिक्षक सेवा आदि)का समयमा केन्द्र र प्रश्नपत्र सुरक्षाको जिम्मेवारी सशस्त्र प्रहरीले पाउने व्यवस्था गर्नुपर्छ । यस्तै, दुर्गम भेग र राति यात्रा गर्ने सवारीहरूमा लुटपाट, अपहरण र डकैती नियन्त्रण गर्न सशस्त्र प्रहरीलाई मुख्य राजमार्गहरूमा गस्ती, चेकिङ र स्टेसन राख्ने जिम्मेवारी दिनुपर्छ ।

### निष्कर्ष

नेपालमा उत्तम शासन व्यवस्था खाली कानुन बनाएर मात्रै हासिल गर्न सकिन्न । यसलाई व्यवहारमा उतार्नका लागि गृह मन्त्रालयको कार्य विस्तार, कर्तव्य र प्रशासनिक अंगहरूको सांगठनिक स्वरूपलाई समसामयिक आवश्यकताअनुसार बनाउन अनिवार्य छ । किनकि गृह मन्त्रालय नै त्यस्तो मन्त्रालय हो, जसले विपद्का घटनादेखि सुरक्षाका घटनासम्मको जिम्मेवारी बहन गरेको हुन्छ । अबको शासन सुधारको मार्ग भनेकै यही हो । यी विभिन्न सुधारहरूलाई लागु गरेर मात्रै सुशासनको आधारशिलालाई बलियो बनाउन सकिन्छ, नत्र राज्यका संरचनाहरू आफ्नै बोझले कमजोर हुँदै जानेछन् र अपेक्षित विकास हुन सक्ने छैन ।

## इतिहासमा आज

९ जुलाई २००२ मा अफ्रिकी एकता संगठन (ओएयू) लाई प्रतिस्थापन गर्दै इथियोपियाको आदिस अबाबामा अफ्रिकी संघ स्थापना भयो । यस संगठनको पहिलो अध्यक्ष दक्षिण अफ्रिकाका राष्ट्रपति थाबो म्बेकी हुन् ।



९ जुलाई २००६ मा साइबेरियाको इर्कुत्स्क विमानस्थलमा अवतरण गर्ने क्रममा एस ७ एयरलाइन्सको विमान रनवेबाट बाहिर जाँदा भएको दुर्घटनामा १२५ जनाको मृत्यु भएको थियो ।



९ जुलाई २०११ मा सुडानबाट अलग हुँदै दक्षिण सुडानले स्वतन्त्रता प्राप्त गरेको थियो । जुन विश्वका कान्छा देशमध्ये एकमा पर्दछ ।



९ जुलाई २००४ मा इराकी गुप्तचर सम्बन्धी सिनेट प्रतिवेदन संयुक्त राज्य अमेरिकाको सिनेट गुप्तचर सम्बन्धी चयन समितिद्वारा जारी गरिएको थियो । जसले इराक युद्धको औचित्यमाथि शंका व्यक्त गरेको थियो ।




## सामाजिक सञ्जाल



**विष्णुराज उप्रेती**

राज्य निकै कमजोर भएको छ । संगठित समूहहरूले दबाब दिनासाथ उनीहरूले भनेअनुसार ऐन बनाइदिने, कुनै समूहले देशका ऐन कानुन मान्दिनभन्दा उसले भने जस्तै गरिदिनु पर्ने ? ऐन नियम कानुन चाहीँ असंठित समूह र कमजोरलाई मात्र लाग्ने ? अदालतका फैसला मान्दिन भन्न पनि पाइने ?

हामीसँग के छैन, सबथोक छ । सुन्दर दृश्यहरू छन् । सुन्दर मनहरू छन् । हेरौं न, माछापुच्छ्रेको छेउछाउमा, पोखिएको सौन्दर्य, संसारमा अन्त कतै छ र ? यो हाम्रो निजी सम्पदा हो, यसलाई केवल मनले उठाउने हो, हातले उठाएर लैजान मिल्दैन । त्यसैले त हामी समृद्ध छौं ।




**बद्री विनोद खनाल**



**विनोद न्यौपाने**

पार्टीहरूमा अब सामान्य कार्यकर्ताहरूको हस्तक्षेप चाहियो, पार्टीहरूलाई पारदर्शी, प्रतिस्पर्धामूलक, सहभागीमूलक, संस्थागत निर्णय, पद्धति तिर लैजान । एकल, गुटगत निर्णय, स्वार्थ आदि हटाउनु जरोदेखि नै पर्ने भयो जुन मुलुकको भविष्यसँग गाँसिएको छ ।

पत्रकारको धर्म देखेको, सुनेको, बुझेको सत्यतथ्य लेख्ने हो, बोल्ने हो, समाजलाई सुसूचित गर्ने हो । लोकतन्त्रमा पत्रकारले सत्यतथ्य प्रमाणको आधारमा केही विषयमा बोल्दै गर्दा कसैसँग तर्सिनुपर्ने कारण नै छैन । आरोप लगाएर यथेष्ट प्रमाण पेस गर्न नसक्नु, पत्रकारको कमजोरी हो ।



**मनिषलाल चुके**

# सुशासन र जनभरोसा

विचार



● खगेन्द्र पौडेल

*जति सुशासन बलियो हुन्छ, उति जनताको भरोसा बढ्छ र जति जनताको भरोसा प्रगाढ हुन्छ, उति शासनको वैधता बलियो हुन्छ । त्यसैले अब ढिलो नगरी राज्य संयन्त्रले सुशासनलाई व्यवहारमा उतार्ने जिम्मेवारी निर्वाह गर्नैपर्छ...*

सुशासन कुनै फगत अवधारणा मात्रै होइन, यो राज्य सञ्चालनको व्यवहारिक पाटो हो जुन जनताको जीवनसँग प्रत्यक्ष जोडिएको हुन्छ । सुशासनको अर्थ हुन्छ- पारदर्शी, उत्तरदायी, प्रभावकारी, समावेशी र कानुनी शासनमा आधारित प्रशासनिक प्रणाली । जहाँ राज्यको हरेक निर्णय जनताका हितअनुरूप गरिन्छ र जनताले पनि त्यसप्रति आस्था राख्न सकून् । सुशासन हुनुको मर्म नै जनताको भरोसा जित्नु हो । जब राज्य संयन्त्र जनताको विश्वास गुमाउँछ, त्यहाँ असन्तुष्टि, निराशा र अविश्वासको वातावरण फैलन्छ, जसले लोकतन्त्रको जरा नै खोतल्न थाल्छ ।

नेपालजस्तो संक्रमणकालीन मुलुकमा सुशासनको अभाव गहिरो रूपमै देखिन्छ । प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, पहुँच र सिफारिसको चलन, कानुनको समान कार्यान्वयनमा कमजोरी, सेवाप्रवाहमा ढिलाइ जस्ता कारणले जनताले राज्यप्रति विश्वास गुमाउँदै गएका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय र सुरक्षाजस्ता आधारभूत आवश्यकता पूरा गर्न नसक्ने राज्यप्रति नागरिक कसरी आशावादी रहन सक्छन् ? जब सामान्य नागरिकले न्यायको खोजीमा अदालत पुग्नै धौ-धौ पर्छ, जब बालबालिकालाई सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा पाइँदैन, जब अस्पतालमा औषधि अभाव हुन्छ, जब सेवाका लागि घुस नदिएसम्म फाइल अगाडि बढ्दैन, तब राज्यको चरित्रप्रति नै प्रश्न उठ्न थाल्छ ।

जनताको भरोसा जित्न राज्य संयन्त्रले आफूभित्र आमूल परिवर्तन गर्नुपर्छ । सुशासनका नाममा भाषण गरेर मात्रै जनविश्वास आर्जन गर्न सकिँदैन । सुशासन व्यवहारमा देखिनुपर्छ, अनुभवमा महसुस हुनुपर्छ । नागरिकलाई लाग्नुपर्छ कि उनी राज्यका मूल क्तबपभजयमिभच हुन्, उनी सुन्ने र देखिने व्यक्ति हुन् । तर नेपालमा अवस्था उल्टो छ- यहाँ शासन गर्नेहरू गुटका आधारमा चल्छन्, जनतालाई सस्तो नाराबाट भुलाउने प्रयास गर्छन् । पाँच वर्षमा एकचोटि मत माग्ने तर त्यसबाहेक जनतासँग संवाद नगर्ने प्रवृत्तिले जनतामा शासनप्रति वितृष्णा बढाएको छ ।

सुशासन भनेको शून्य भ्रष्टाचार मात्रै होइन, जनताको सेवामा खटिने संस्थागत आचरण पनि हो । जनताले सरकारी कार्यालयमा सहज सेवाप्रवाह पाए, अनलाइन प्रणाली प्रभावकारी बन्यो, सार्वजनिक खरिद पारदर्शी भयो, सार्वजनिक निकायमा जवाफदेहिताको अभ्यास भयो भने मात्रै सुशासन अनुभूत हुन्छ । तर, नेपालमा अझै पनि सानातिना कामका लागि घण्टौं लाइन बस्नुपर्छ, सरोकारवाला कर्मचारी फेला पार्न मुस्किल पर्छ, र सानो सेवाका लागि पनि अनावश्यक प्रक्रिया थोपारिन्छन् । यस्तो अवस्थाले नागरिकमा राज्यप्रति वितृष्णा पैदा गरिरहेको छ ।

जनताको भरोसा जित्न पहिलो काम हो- पारदर्शिता । सरकारले के गरिरहेको छ, कसरी गरिरहेको छ, किन गरिरहेको छ भन्ने स्पष्ट जानकारी जनतालाई दिनुपर्छ । दोस्रो, जवाफदेहिता- सार्वजनिक पदमा बसेकाहरू आफ्नो कामको उत्तरदायित्व लिन तयार हुनुपर्छ । तेस्रो, सहभागीता- नीतिनिर्माणदेखि कार्यान्वयनसम्म जनताको सहभागिता सुनिश्चित हुनुपर्छ । चौथो, न्यायपूर्ण सेवा- जात, वर्ग, क्षेत्र, लिंग, धर्मको आधारमा भेदभाव नगरी सेवा वितरण हुनुपर्छ । अनि मात्रै सुशासनको सार्थक अभ्यास हुन्छ, र जनविश्वास फेरि स्थापित हुनसक्छ ।

नेपालमा पछिल्लो समय नागरिक समाज, सञ्चारमाध्यम र अदालतमार्फत सुशासनको माग तीव्र हुँदै गएको छ । कतिपय भ्रष्टाचार काण्डहरू सार्वजनिक भए, कतिपयमा कानुनी कारबाही पनि भए, तर त्यो जनताको अपेक्षा अनुसार प्रभावकारी देखिएन । नागरिकहरू सत्तामा आएकाहरूको जीवनशैली र सम्पत्तिमा आएको उछाल हेरेर झन् संशय गर्छन् । जनताले सोध्न थालेका छन्- किन राज्यले हामीप्रति इमानदार व्यवहार गर्दैन ? यो प्रश्न सामान्य छैन, यो राज्यको भविष्यको चेतावनी हो । यदि जनताको भरोसा हरायो भने शासन प्रणालीको नै अर्थ हराउँछ ।

सुशासन र जनभरोसा एक-अर्काको पूरक हुन् । जति सुशासन बलियो हुन्छ, उति जनताको भरोसा बढ्छ र जति जनताको भरोसा प्रगाढ हुन्छ, उति शासनको वैधता बलियो हुन्छ । त्यसैले अब ढिलो नगरी राज्य संयन्त्रले सुशासनलाई व्यवहारमा उतार्ने जिम्मेवारी निर्वाह गर्नैपर्छ । नत्र सुशासनको भाष्य केवल किताबी, भाषणमुखी र सत्ताको सौन्दर्यशास्त्रमै सीमित हुनेछ, जसले जनताको मन जित्न सक्दैन । जनविश्वास गुमेको शासन दीर्घकालीन रूपमा टिक्न सक्दैन, बरु त्यो बिस्तारै पतनको दिशामा अगाडि बढ्छ । त्यसैले अब समय छ, विश्वास निर्माण गर्ने, सुशासनलाई संस्थागत गर्ने र जनताको आत्मसम्मानसहित राज्यसँगको सम्बन्ध पुनः स्थापनाको ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# सेनेटरी प्याड खरिद र वृक्षारोपणको नाममा लाखौं अनियमितता

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २४ असार




सर्लाहीको धनकौल गाउँपालिकामा सेनेटरी प्याड खरिद र वृक्षारोपणको नाममा लाखौं रुपैयाँको अनियमितता भएको छ। गाउँपालिकाले खरिद गरेको सेनेटरी प्याडमा ३ लाख ५ हजार १ सय ६५ र वृक्षारोपणमा ९ लाख ८२ हजार १ सय ९२ रुपैयाँ अनियमितता भएको हो।

आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाभित्रका विद्यालयलाई वितरण गर्नका लागि धनकौल गाउँपालिकाको शिक्षा शाखाले खरिद गरेको सेनेटरी प्याडको खुद्रा बजार मूल्य प्रतिप्याकेट ४५ भए पनि गाउँपालिकाले खरिद गरेको प्याडको ७३ रूपैयाँ ३२ पैसा परेको छ।

गाउँपालिकाले ८ लाख १८ हजार ९ सय ८४ रुपैयाँको लागतमा ११ हजार १ सय ७० प्याड खरिद गरेको छ। खरिद भएको उक्त प्याडको खुद्रा खरिद मूल्य हेर्ने हो भने ५ लाख २ हजार ६ सय ५० हुन्छ, तर गाउँपालिकाबाट ८ लाख भन्दा बढी भुक्तानी भएको महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनमा उल्लेख छ।

गाउँपालिकाले जुन प्याड खरिद गरेको छ, त्यसको खुद्रा बजार मूल्य ४५ राख्ने हो भने ५ लाख २ हजार हुन आउँछ। गाउँपालिकाले ८ लाख ८० हजारमा खरिद गरेको प्याडमा ३ लाख ५ हजार १ सय ६५ रूपैयाँ अनियमितता भएको महालेखाको ठहर छ। महालेखाले खरिद कार्यमा संलग्नलाई जिम्मेवार बनाइ अनियमित भएको रकम असुल गर्नुपर्ने माग गरेको छ।

धनकौल गाउँपालिकाका शिक्षा शाखा प्रमुख अरुण प्रजापतिले आर्थिक वर्ष २०८०/०८१ मा आफू गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा नरहेकाले यसबारे आफूलाई जानकारी नरहेको बताएका छन्।

**वृक्षारोपणका नाममा अनियमितता**

गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा वडा नम्बर २ जाने बाटोमा गरेको वृक्षरोपणमा पनि अनियमितता भएको पाइएको छ। गाउँपालिकाले फलामे जाली रंगरोगनसहित अशोक र आँपको बिरुवा रोपणमा पनि ९ लाख भन्दा बढी अनियमितता गरेको महालेखा परिक्षकको ६२औं वार्षिक प्रतिवेदनमा उल्लेख छ।

गाउँपालिकाले ३ हजार ८ सय ५० रुपैयाँ प्रति गोटाको दरले २ सय ५९ वटा बिरुवा खरिद गरेबापत रिशभ हाइटेक फलफूल नर्सरीलाई ९ लाख ९७ हजार १ सय ५० रुपैयाँ भुक्तानी गरेको छ। सर्लाही जिल्लाको दररेट अनुसार आँपको वेर्ना न्युनतम ९७ देखि अधिकतम ४ सय ३० रुपैयाँसम्म मात्र देखिन्छ। जिल्ला दररेटलाई आधार लिई लागत अनुसार तयार गरी भुक्तानी भएको रकमसंग तुलना गर्दा ९ लाख ८२ हजार १ सय ९२ रुपैयाँ बढी भुक्तानी भएको देखिन्छ। भुक्तानी भएको रकमसंग तुलना गरि बढी भुक्तानी भएको रकम सम्झौता गर्ने हाइटेक फलफुल नर्सरीबाट असुल गर्न महालेखाले भनेको छ।

उक्त कार्यको प्रतिवेदनमा अशोकको बिरुवा ४.५ फिट, आँपको बिरुवा ४ फिट र ५.५ फिटको फलामे जाली रंगरोगनसहित वृक्षारोपण गरेको देखाएता पनि स्थलगतरुपमा अवलोकन गर्दा उक्त वृक्षरोपण गरेका बिरुवाहरूको उचाइ प्रतिवेदन भन्दा कम रहेको, फलामको जाली ५.५ फिट नरहेको, प्राविधिकबाट नापजाँच गरी प्राविधिक विजक समावेश नगरेको, वृक्षारोपण गरेका बिरुवाहरू अन्य ठुलो रुखको नजिक रहेको र बिरुवाको उचाइभन्दा झारपात तथा लहराले पुरै ढाकेको महालेखाको ठहर छ।

त्यस्तै, मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुखले निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था नरहे पनि गाउँपालिका प्रमुखको स्वकीय सचिवको रुपमा विरेन्द्र महतो कोइरीलाई आर्थिक वर्ष २०८०/०८१ मा मात्रै ३ लाख २५ हजार भुक्तानी गरेको छ। यसरी कानुनमा उल्लेख नभएको तथा दरबन्दी नरहेको पदमा नियुक्ति गर्नेलाई जिम्मेवार बनाउनुपर्ने महालेखा परीक्षकको कार्यालयले भनेको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजानिक गरेको ६२औं प्रतिवेदन अनुसार धनकौल गाउँपालिकामा कुल ४ करोड ५ लाख ३२ हजार रुपैयाँ बेरुजु देखिएको छ। उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने ३६ लाख ७२ हजार ३ सय २०, प्रमाण पेश गर्नुपर्ने १ करोड ९० लाख ४१ हजार ६ सय ७०, नियमित गर्नुपर्ने १ करोड ६५ लाख ९८ हजार ९ सय ९७ र पेस्की १२ लाख २० हजार रहेको छ।

# लुम्बिनीका सबै जनताको घर-घरमा खानेपानी पुऱ्याउँछु : मन्त्री राणा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
प्यूठान, २४ असार



लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानीमन्त्री एवं नेपाली कांग्रेसका युवा नेता रोज राणाले प्रदेशका सबै जिल्लामा खानेपानी र शहरी विकासका योजना समानुपातिक ढंगले वितरण गरिएको बताएका छन्।

गृह जिल्ला प्यूठानमा आयोजना अनुगमनका क्रममा बोल्दै उनले जनताको घरघरमा शुद्ध खानेपानी पुऱ्याउनु आफ्नो प्रमुख लक्ष्य भएको स्पष्ट गरे।

मन्त्री राणाले पहाडी र तराईका विकट तथा ग्रामीण बस्तीहरूमा पुगेर जनताको समस्या र गुनासा सुनेको र तिनको समाधानका लागि काम द्रुत गतिमा अघि बढाइएको जानकारी दिए। उनले भने, 'खानेपानी समस्या समाधान मेरो पहिलो प्राथमिकता हो। योजना बनाउनु मात्र होइन, कार्यान्वयनमा पनि म गम्भीर छु।' उनले लुम्बिनी प्रदेशका सबै जिल्लामा खानेपानी योजनाहरू प्राथमिकताका साथ अगाडि बढाइएको उल्लेख गर्दै बाँकी रहेका आयोजनाहरू पूरा गर्न बजेट विनियोजन गरिसकिएको बताए।

गृह जिल्ला प्यूठानमा मात्रै २ अर्ब ३० करोड रुपैयाँको बजेट ल्याएको उल्लेख गर्दै मन्त्री राणाले यो आफूसँग भएको सामान्य जिम्मेवारी भएको बताए। उनले भने,'प्यूठानमा पैसाको मात्रा कम परेको भनेर खुशी हुने होइन, अब सबै मिलेर समृद्ध प्यूठान बनाउन लाग्नुपर्छ।'

उनले विकासका कामहरूमा अनियमितता हुन नदिन स्थानीय नागरिकलाई सचेत र साथमा रहन आग्रह गर्दै भने, 'जनप्रतिनिधिहरू विकासका स्पष्ट योजना लिएर अघि बढ्नुपर्छ। गलत भास्य सिर्जना गरेर विकास अवरुद्ध गर्नु हुँदैन।'

प्यूठानलाई प्रदेशकै नमूना जिल्ला बनाउने अभियानमा लाग्ने दृढता व्यक्त गर्दै मन्त्री राणाले आगामी दिनहरूमा जनताको साथ र समर्थनले कामलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे। स्थानीय जनताले मन्त्री राणाको सक्रियता र योजनाहरूको कार्यान्वयनप्रति धन्यवाद दिँदै चुनावी प्रतिबद्धता पूरा गरेको भन्दै प्रशंसा गरे।

# बझाङमा 'विपद् जोखिम न्यूनीकरण' र 'थलारा शिक्षा परियोजना'को सामाजिक परीक्षण

**रमेश बहादुर सिंह/मध्यान्ह**
बझाङ, २४ असार



बझाङको प्रगतिशील युवा समाजद्वारा सञ्चालित 'विपद् जोखिम न्यूनीकरण' र 'थलारा शिक्षा परियोजना' को सामाजिक परीक्षण सम्पन्न भएको छ। परियोजनाहरूको प्रभावकारिता, पारदर्शिता, र जवाफदेहिताको मूल्यांकन गर्न गरिएको कार्यक्रममा स्थानीय तह, विद्यालय, सरोकारवाला निकायहरू, नागरिक समाज, शिक्षक, अभिभावक र समुदायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा संस्थाका कार्यकारी निर्देशक लवराज जोशीले दुवै परियोजनाको उद्देश्य, मुख्य गतिविधिहरू, बजेट खर्च तथा प्राप्त उपलब्धिहरू सार्वजनिक रूपमा प्रस्तुत गर्दै विपद् न्यूनीकरण अन्तर्गत पूर्वतयारी तालिम, सचेतना कार्यक्रम, उद्धार सामग्री वितरण र स्थानीय योजनामा समावेशीकरण प्रक्रियाबारे विस्तृत जानकारी दिए।

त्यस्तै थलारा शिक्षा परियोजना अन्तर्गत शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक तालिम, विद्यार्थीको नियमितता वृद्धिदेखि विद्यालय-समुदाय समन्वय मजबुत बनाउने प्रयासबारे प्रतिवेदन प्रस्तुत गरिएको थियो। थलारा शिक्षा परियोजनाको प्रगति प्रतिवेदन छत्रराज जोशीले र विपद् न्यूनीकरण परियोजनाको प्रतिवेदन राजेन्द्र खड्काले प्रस्तुत गरेका थिए।

संस्थाका अध्यक्ष रमेश केसीले सामाजिक परीक्षणमार्फत संस्थाको उत्तरदायित्वमा समुदायको प्रत्यक्ष निगरानीले अझ पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग पुग्ने धारणा राखेका थिए।

कार्यक्रममा पत्रकार जगदीश रोकायाले सहजकर्ताको भूमिका निर्वाह गर्दै सरोकारवालासँग छलफल गरी महत्वपूर्ण सुझावहरू संकलन गरेका थिए।

थलारा गाउँपालिकाका अध्यक्ष प्रकाश रोकाया, उपाध्यक्ष रामबहादुर खाती, वडा अध्यक्षहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावकलगायतको सक्रिय उपस्थिति रहेको कार्यक्रममा शिक्षक शिवराज जोशीले संस्थाको पारदर्शी, समुदायमुखी तथा प्रभावकारी कामको प्रशंसा गर्दै आगामी दिनमा अझ व्यापक कार्यक्रम सञ्चालन गर्न सुझाव दिएका थिए।

सामाजिक परीक्षण कार्यक्रमले समुदायलाई संस्थाको कामप्रति प्रत्यक्ष निगरानी गर्ने अवसर प्रदान गर्नुका साथै विकास प्रक्रियामा नागरिक सहभागिता अझ सुदृढ बनाएको निष्कर्ष निकालिएको छ।

# सामाजिक कुरीतिविरुद्ध जागरुक बनाउँदै सिंजा गाउँपालिका

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २४ असार




सामाजिक कुरीतिबाट किशोरीहरूलाई जोगाउने उद्देश्यसहित जुम्लाको सिंजा गाउँपालिकामा दुई दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। गाउँपालिकाको आर्थिक सहयोगमा, आधुनिक महिला जागरण प्रालिको आयोजना र पेस नेपालसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा विभिन्न वडाका २० जना किशोरीहरूलाई बालविवाह, छाउपडी प्रथा, लैंगिक विभेद, घरेलु हिंसा लगायत सामाजिक कुरीतिबाट उत्पन्न प्रभाव र समाधानका उपायबारे प्रशिक्षण दिइएको थियो। साथै किशोरी शिक्षाको महत्व, आत्म-विश्वास विकास, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान, र नेतृत्व क्षमताको विकासबारे समेत सशक्त प्रशिक्षण दिइएको थियो।

कार्यक्रमको उद्घाटन गाउँपालिका अध्यक्ष पूर्ण प्रसाद धिताल र उपाध्यक्ष सितली रोकायाले संयुक्त रूपमा गरेका थिए। उपाध्यक्ष रोकायाले भनिन्,'किशोरीहरूलाई शिक्षित, सक्षम र सजग बनाएर मात्र समाजबाट कुरीति हटाउन सकिन्छ। यो कार्यक्रम किशोरीमैत्री समाज निर्माणतर्फ एक महत्त्वपूर्ण कदम हो' उनले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाइन्।

अध्यक्ष धितालले सहभागी किशोरीहरूलाई आफ्ना अनुभव र सामाजिक चुनौतीहरू खुलस्त रूपमा राख्न आग्रह गर्दै भने,'यस्ता कार्यक्रमले किशोरीहरूलाई आत्मबलयुक्त बनाउनेछन्।'

आधुनिक महिला जागरण प्रालिकी अध्यक्ष दिलमाया शाहीले समाजमा अझै पनि महिला र किशोरीमाथि अन्यायकारी सोच हावी रहेको बताइन्। उनले भनिन्,' जब अलिखित नियमहरूले कानुनभन्दा बढी प्रभाव पार्छ, तब कानुनी अधिकारहरू व्यवहारमा आउन सक्दैनन्।'

उनले सामाजिक सोच परिवर्तन गर्न सामुदायिक स्तरमै पहल आवश्यक रहेकोमा जोड दिइन्। महिला तथा बालबालिका शाखाकी प्रमुख बस्ना बुढाले सामाजिक कुरीति अन्त्यका लागि शिक्षा, कानुनी कार्यान्वयन र सामाजिक चेतनामा आमूल परिवर्तन ल्याउनुपर्ने बताउँदै किशोरीमैत्री कार्यक्रमहरूलाई गाउँपालिकाको प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याइन्।

कार्यक्रममा सहभागी किशोरीहरूले पनि सामाजिक कुरीति अन्त्यका लागि विद्यालय तहबाट लैंगिक समानता तथा मानव अधिकार सम्बन्धी शिक्षा, अभिभावक र समुदायलाई सचेतना कार्यक्रम, परामर्श सेवा, हेल्पलाइन र सुरक्षित स्वास्थ्य सेवा सुनिश्चित गर्न माग गरेका छन्।

# देवरले गरे भाउजूको हत्या



**विराटनगर/मस-** मोरङको रतुवामाईमा दाजु-भाइबीचको अंश विवादमा एक महिलाको हत्या भएको छ। प्रहरीका अनुसार देवरले भाउजूको हत्या गरेका हुन्।

मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालका अनुसार रतुवामाई नगरपालिका-६ का गणेशबहादुर बस्नेतकी पत्नी ६० वर्षीया टीकामाया कार्की बस्नेतको हत्या भएको हो। 'टीकामाया बोल्न सक्दिन थिइन्। बोली नआउने र इसाराले मात्रै कुरा गर्न सक्ने उनको हत्या भएको छ,' चुँडालले भनिन्।

उनका अनुसार देवर ६९ वर्षीय टंकबहादुर बस्नेतले टीकामायाको हत्या गरेका हुन्। आफ्नै बारीमा घाँस काट्न गएका बेला हत्या गरेर फालेको अवस्थामा असार २१ गते दिउँसो टीकामायाको शव फेला परेको थियो। मृतकको टाउको पछाडि घुच्चुकमा चोट देखियो। विराटनगरको कोशी अस्पतालमा शवको पोस्टमार्टम गरिएको थियो। चिकित्सकले टीकामायाको मृत्यु चोटका कारण भएको जानकारी दिएपछि इलाका प्रहरी कार्यालय सिजुवाका इन्स्पेक्टर होमप्रसाद अधिकारी नेतृत्वको टोलीले घटनाको विस्तृत अनुसन्धान सुरु गऱ्यो।

अनुसन्धानका क्रममा मृतकका पति गणेश र उनका भाइ टंकबीच लामो समयदेखि अंश विवाद रहेको पत्ता लाग्यो। प्रहरीका अनुसार पुर्खौली सम्पत्ति भाइले एकलौटी बनाउन खोजेपछि गणेश अदालतको शरणमा पुगेका थिए। गणेशले पनि अंश पाउने फैसला अदालतले गरेको पाइएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार गणेश र टंकका आमा अलग-अलग हुन्। गणेश जेठी र टंक कान्छी आमाका छोरा रहेको प्रहरीले जनाएको छ।

'दाजु-भाइबीच लामो समयदेखि अंश विवाद रहेछ। अदालतले अंश गणेशले पनि पाउने फैसला गरेको पाइयो,' डीएसपी चुँडालले भनिन्, 'त्यसपछि दाजु-भाइबीचको विवाद झन् बढ्यो। आफूले मात्रै भोगचलन गर्न खोजेको जग्गाजमिन दिनुपर्ने भएपछि दाजु गणेशको परिवारसँग टंक क्रुद्ध बनेका रहेछन्।' उनका अनुसार अंश विवादको रिसईबी साँधेर बसेका टंकले हँसियाको बिँडले प्रहार गरेर भाउजू टीकामायाको हत्या गरेको पाइएको छ।

त्यसअघि पनि उनले भाउजूलाई पटक-पटक गाली गलौज र कुटपिट गर्न खोज्ने गरेको प्रहरीको भनाइ छ। 'हँसियाको बिँडले घुच्चुकको दायाँ भागमा प्रहार गरेर टंकले भाउजूको हत्या गरेको पत्ता लाग्यो। घटनामा संलग्नलाई पक्राउ गरेर अनुसन्धान एवं कारबाहीको दायरामा ल्याइसकिएको छ,' चुँडालले भनिन्। प्रहरीले घटना भएको २ दिनपछि टंकलाई सोमबार आफ्नै घरबाट पक्राउ गरेको हो। भाउजूको हत्यामा प्रयोग गरिएको हँसिया टंककै घरबाट बरामद भएको प्रहरीको भनाइ छ। टंकविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउन अदालतबाट म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाउने प्रहरीको तयारी छ।

इन्स्पेक्टर होमप्रसाद अधिकारी नेतृत्वको टोलीले घटनाको थप अनुसन्धान गरिरहेको जानकारी डीएसपी चुँडालले दिइन्।

# रोल्पाका पाँच स्थानीय तहमा नगर प्रहरी

**सुर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २४ असार



रोल्पाका पाँच स्थानीय तहले आफ्नै नगरप्रहरी भर्ना गरेका छन्। जिल्लाका १० स्थानीय तहमध्ये रोल्पा नगरपालिका, सुनिल स्मृति गाउँपालिका, रुन्टिगढी गाउँपालिका, माडी गाउँपालिका र परिवर्तन गाउँपालिकाले नगरप्रहरी भर्ना गरेका हुन्।

नगर प्रहरी सञ्चालनका लागि परिवर्तन गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ अनुसार बनेको कार्यविधि २०८१ अनुसार २०८१ चैत १९ गते पदपूर्ति प्रक्रिया अगाडि बढाएको थियो। २०८२ जेठदेखि नगर प्रहरी खटाएपछि हालसम्म जिल्लामा पाँच पालिकामा नगर प्रहरी रहेका छन्। रुन्टिगढी गाउँपालिकामा वरिष्ठ प्रहरी सहायक निरीक्षक लिलाराज थापाको नेतृत्वमा ७ जना, सुनिल स्मृति गाउँपालिकामा प्रहरी सहायक निरीक्षक चेतमान विष्टको नेतृत्वमा ४ जना, रोल्पा नगरपालिकामा हवल्दार सहवीर विकको नेतृत्वमा ९ जना, माडी गाउँपालिकामा कार्यवाहक निरीक्षक दिनेश बाँठाको नेतृत्वमा ४ जना नगर प्रहरी कार्यरत छन्।

माडीमा भने ७ दरबन्दीमध्ये २ पद रिक्त रहेको र साउनदेखि नयाँ सूचना निकालेर पदपूर्ति गरिने अध्यक्ष अमरसिंह घर्ती मगरले जानकारी दिए। परिवर्तन गाउँपालिकामा प्रहरी सहायक निरीक्षक तुफान घर्ती मगरको नेतृत्वमा ४ जना नगर प्रहरी कार्यरत छन्। नगर प्रहरीहरू प्रशासनिक भवन सुरक्षा, सार्वजनिक स्थानहरूको निगरानी, पालिकामा आउने व्यक्तिहरुको विवरण संकलन, तालिम तथा कार्यक्रमहरूमा सुरक्षा व्यवस्थापन र आपतकालीन अवस्थाहरूमा खटिने गरेका छन्।

नगर प्रहरीको सेवा सुविधाबारे स्पष्ट जानकारी नदिइए पनि स्थानीय तहका प्रमुखहरूले करार सेवामा नियुक्त भएकाले फरक-फरक सुविधा रहेको बताएका छन्। कतिपय पालिकामा सेवा सुविधा बढी वा कम भएकाले नगर प्रहरीबीच पनि तुलना र असन्तुष्टि हुने गरेको स्थानीय अध्यक्षहरूको भनाइ छ।


**Kuwait मा रोजगारको अवसर** Cluinary International Food Services Management co.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/१०/१३ चलानी नं.: ६०२३१९८२ LT No.: 317176

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. |
|---|---|---|---|---|---|
| १. | Cashier | 0 | 5 | 150 | ६७,८००।- |
| २. | COMMI 3 | 6 | 0 | 140 | ६२,९०८।- |
| ३. | Cook | 4 | 0 | 150 | ६७,८००।- |
| ४. | Supervisor | 5 | 0 | 190 | ८५,३७५।- |

अन्तरवार्ता २०८२ असार ३२ गते (16 July, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

Government of Nepal (GoN)
Ministry of Health & Population
Bhaktapur Cancer Hospital
Dudhpati, Bhaktapur

Invitation for Bids

Date of publication: 2082/03/25

Bhaktapur Cancer Hospital (BCH) invites electronic bids from eligible bidders for the following bids under National competitive bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| IFB No. | Description | Document Fee | Bid Security |
|---|---|---|---|
| BCH/SERVICE/NCB /2082/083/01 | Supply of Cleaning Personnel for Hospital | NRs.3000.00 | 67,000.00 |

# साढे १७ महिनाको वस्तु आयात गर्न पुग्ने विदेशी मुद्रा सञ्चिती

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असार ।



चालु आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्तसम्ममा चालु खाता तीन खर्ब सात अर्ब ३१ करोडले बचतमा देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको ११ महिनासम्मको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार ११ अर्ब ९ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । अघिल्लो आवको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी आठ अर्ब २४ करोड रुपैयाँ रहेको थियो ।

त्यस्तै गत जेठ मसान्तसम्ममा शोधनान्तर स्थिति चार खर्ब ९१ अर्ब ४४ करोड रुपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति चार खर्ब २५ अर्ब ६७ करोड रुपैयाँले बचतमा रहेको थियो ।

कुल विदेशी विनिमय सञ्चितिमा पनि उल्लेख्य सुधार देखिएको छ। चालु आर्थिक वर्ष सुरु हुँदै गर्दा अर्थात् २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो ११ महिनामा २५ दशमलव ९ प्रतिशतले वृद्धि भई २५ खर्ब ६९ अर्ब ३८ करोड रुपैयाँ पुगेको छ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २२ खर्ब ७४ अर्ब ४७ करोड रुपैयाँ र बैंक तथा वित्तीय संस्थासँग रहेको सञ्चिति दुई खर्ब ९४ अर्ब ९२ करोड रुपैयाँ रहेको छ । चालु आर्थिक वर्षको ११ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १७ दशमलव छ महिनाको वस्तु आयात र १४ दशमलव ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ

यस्तै, चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा मुलुकको कूल व्यापार घाटा झण्डै १४ खर्ब बराबर पुगेको छ। कुल वस्तु व्यापार घाटा ६.३ प्रतिशतले वृद्धि भई १३ खर्ब ९७ अर्ब २३ करोड रुपैयाँ बराबर पुगेको छ । कुल वस्तु आयात १३ दशमलव एक प्रतिशतले वृद्धि भई १६ खर्ब ४४ अर्ब ८० करोड रुपैयाँ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आयातमा एक दशमलव आठ प्रतिशतले कमी आएको थियो ।

# प्राधिकरणले अगाडि बढायो सौर्य ऊर्जा परियोजना




**काठमाडौं/मस–** नेपाल विद्युत प्राधिकरणले ऊर्जा मिश्रण अवधारणाअन्तर्गत नौ सय ६० मेगावाट क्षमता बराबरको सौर्य परियोजनाको आवश्यक प्रक्रिया अगाडि बढाएको छ । त्यसमध्ये आठ कम्पनीको एक सय ७० मेगावाट बराबरको सौर्य आयोजनाको विद्युत् खरिद सम्झौता सम्पन्न भएको प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जानकारी दिए।

यस्तै, चार हजार नौ सय ६६ मेगावाट क्षमताका जलविद्युत् आयोजनाको ग्रीड कनेक्सन एग्रिमेन्टको प्रावधानअनुसार विद्युत खरिद सम्झौताको प्रक्रिया अगाडि बढाइएको छ । प्राधिकरणले एक सय दुई मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजनाबाट विद्युत उत्पादन प्रक्रिया आरम्भ गर्न लागिएको उनले जानकारी दिए ।

सो आयोजनाको मुख्य सुरुङमा पानी चुहिने समस्या देखिएको थियो। सो समस्यासमेत समाधान भइसकेको जानकारी दिँदै कार्यकारी निर्देशक शाक्यले गत वर्षको बाढीपहिरोका कारण समस्याग्रस्त भएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई मर्मत गरी पूर्ण क्षमतामा सञ्चालनमा ल्याइएको उल्लेख गरे।

प्राधिकरणमा हाल सिर्जित दायित्व तथा प्राधिकरणमा देखिएको तरलता व्यवस्थापनका लागि १० अर्ब बराबरको अल्पकालीन ऋण लिन अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भएको उनको भनाइ छ । उत्पादन प्रसारण र वितरण प्रणालीको विस्तार, विद्यमान संरचनाको स्तरोन्नतीलगायत कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न २० अर्ब बराबरको ऋणपत्र जारी गर्न पनि अर्थले प्राधिकरणलाई स्वीकृति दिएको छ। प्राधिकरणमा कार्यकारी निर्देशक नियुक्त भएको १०० दिन पुगेको अवसरमा विवरण सार्वजनिक गर्दै उनले डिजिटल एनइए निर्माणलाई प्रभावकारी रूपमा अगाडि बढाइएको बताए ।

# न्यूनतम पारिश्रमिक मासिक ३० हजार ४४३ तोकिनुपर्छ : जेटियुसिसी



**काठमाडौं/मस –** संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले श्रमिकको न्यूनतम पारिश्रमिक ३० हजार ४४३ मासिक तोक्नुपर्ने माग राखेको छ। मंगलबार आयोजित पत्रकार सम्मेलनमा केन्द्रका अध्यक्ष जगतबहादुर सिम्खडाले न्यूनतम पारिश्रमिकमा अविलम्ब पुनरावलोकन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको पूर्ण कार्यान्वयन तथा श्रमसम्बन्धी कानुनको संशोधनलगायत विषयमा सरकार, रोजगारदाता र सरोकार भएकाहरूको ध्यानाकर्ष गराएको छ।

यी माग सम्बोधन नभए यही असार २६ गतेदेखि संयुक्त आन्दोलनमा जाने उहाँको भनाइ थियो । 'वर्तमान बजार मूल्य र परिवारको न्यूनतम जीवनस्तरलाई ध्यानमा राख्दा चार सदस्यीय परिवारको लागि मासिक खर्च ३० हजारदेखि ३५ हजारको हाराहारीमा पर्छ', उनले भने, 'वैज्ञानिक, तुलनात्मक तथा व्यवहारिक आधारमा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक ३० हजार ४४३ तोकिनुपर्छ ।'

अध्यक्ष सिम्खडाले पारिश्रमिक निर्धारणका लागि त्रिपक्षीय वार्तामा श्रमिकका प्रस्तावलाई गम्भीर रूपमा ग्रहण गर्न सरकारसँग आग्रह गरे। सरकारले प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने संवैधानिक दायित्व छ । पछिल्लो पटक सरकारले विसं २०८० मा रु १७ हजार ३०० मासिक पारिश्रमिक तोकेको थियो । पछिल्ला दुई वर्षमा मुद्रास्फीति, उपभोग्य वस्तुको मूल्यवृद्धि, आवास तथा स्वास्थ्य सेवाको खर्च बढेसँगै श्रमिकको जीवनस्तर प्रभावित भएको केन्द्रले जनाएको हो ।

केन्द्रले श्रमसम्बन्धी ऐन नियममा समयसापेक्ष सुधार र संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयनलगायत १५ बुँदे माग राखेको छ । 'यदि त्रिपक्षीय बैठकमा सकारात्मक निर्णय भएन भने आगामी दिनमा चरणबद्ध संघर्षका कार्यक्रम घोषणा गर्नेछौं', अध्यक्ष सिम्खडाले भने, 'काठमाडौंसँगै सातै प्रदेशमा संयुक्त प्रदर्शन र ज्ञापनपत्र पेस गर्ने कार्यक्रम छ । औद्योगिक करिडोरमा श्रमिक र्‍याली र सभा गर्नेछौं ।'

श्रम प्रशासनमा सुधार र सुदृढीकरण गर्दै, श्रम ऐनमा व्यवस्था भएअनुसार श्रम निरीक्षण प्रणाली, श्रम 'अडिट', कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा समिति एवं श्रमसम्बन्ध समिति गठनलगायत कामहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने केन्द्रको माग छ ।

यस्तै, नेपालको संविधानले मौलिक हकका रूपमा संगठन गर्न पाउने, सामूहिक सौदाबाजी, उचित श्रम अभ्यास र योगदानमा आधारित सामाजिक सुरक्षा अधिकारको व्यवस्था गरेकामा सर्वोच्च अदालतले बैंक तथा वित्तीय संस्थाहरूमा श्रम ऐन लागू नहुने भनि हालै गरेको निर्णयका सन्दर्भमा सबै श्रमिकका लागि श्रम ऐन लागू हुने कानुनी व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्ने केन्द्रको माग छ । यस्तै, ठेकेदारी प्रथामार्फत् कानुनविपरीत श्रमिक आपूर्ति गर्ने कार्यलाई रोक्न तत्काल त्रिपक्षीय संयन्त्र बनाई श्रम बजारको नियमन गर्नुपर्ने अध्यक्ष सिम्खडाले बताए । केन्द्रले

सामाजिक सुरक्षा कोषको सञ्चालक समितिमा त्रिपक्षीय रूपमा भइरहेको प्रतिनिधित्वको मर्म विपरीत भएको मनोनयन तत्काल सच्चाउनसमेत सरकारको ध्यानार्कषण गराएको छ ।

# 'हेमबहादुर मल्ल सम्मान २०८०' पूर्वप्रधानन्यायाधीश श्रेष्ठलाई प्रदान गरिने



**काठमाडौं/मस–** नेपाल जन-प्रशासन संघ र साल्ट ट्रेडिङ कर्पोरेसनको संयुक्त आयोजनामा प्रदान गरिँदै आएको 'हेमबहादुर मल्ल सम्मान' यस वर्ष पूर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठलाई प्रदान गरिने भएको छ। न्यायिक नेतृत्व, संस्थागत विकास र संक्रमणकालीन न्याय प्रणालीमा पुर्‍याएको विशेष योगदानको उच्च कदर गर्दै श्रेष्ठलाई सम्मान गर्न लागिएको हो।

असार २६ गते बिहीबार विशेष समारोहबीच दुई लाख नगद राशी सहित सो सम्मान गरिने साल्ट ट्रेडिङ कर्पोरेसनका अध्यक्ष प्रदिपलाल श्रेष्ठले बताए । पूर्व प्रधान न्यायाधीश श्रेष्ठले कानुन र राजनीतिशास्त्रमा औपचारिक शिक्षा प्राप्त गरी जिल्ला पुनरावेदन र सर्वोच्च अदालतको न्यायाधीश हुँदै २५औं प्रधान न्यायाधीश बनेका थिए ।

संक्रमणकालीन न्याय, समावेशी लोकतन्त्र र वातावरण समन्यायका सवालमा उनका विचार, अडान र फैसलाहरूको ऐतिहासिक भूमिका लगायतको विशिष्ट योगदानको कदरस्वरुप लोक सेवा आयोगका पूर्व अध्यक्ष उमेश मैनालीको संयोजकत्वमा गठित छनौट समितिले श्रेष्ठलाई छनोट गरेको हो । ख्यातीप्राप्त प्रशासक एवं व्यवस्थापक स्वर्गीय हेमबहादुर मल्लले साल्ट ट्रेडिङ कर्पोरेसनको नेतृत्व तहमा रही सार्वजनिक वितरण, सेवा र व्यवस्थापनमा दिएको योगदानको कदर गर्दै उनको सम्मानमा साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको सौजन्यमा हेमबहादुर मल्ल सम्मान २०५७ सालमा स्थापना भएको हो ।

# थापाथलीमा प्रोटोन इमासको शोरुम उद्घाटन




**काठमाडौं/मस –** शंकर ग्रुपको जगदम्बा मोटर्सले 'प्रोटोन इमास'को नयाँ शोरुम थापाथलीमा शोरुम उद्घाटन गरेको छ। प्रोटोन इमासका ग्राहक तथा संगीतकार ब्रिजेश श्रेष्ठ, जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ता, वरिष्ठ उपाध्यक्ष राजु भेटवाल र अभिनेत्री केकी अधिकारीले शोरुमको संयुक्त रूपमा गरेका थिए ।

कार्यक्रममा कार्यकारी निर्देशक गुप्ताले यो शोरुम कम्पनीको रणनीतिक विस्तार योजनाअन्तर्गतको पहिलो कडी भएको बताएका छन्। गायक श्रेष्ठले इमास मोडेलप्रतिको आफ्नो अनुभव सुनाउँदै यसलाई उत्कृष्ट परिवारिक गाडीको संज्ञा दिए । कार्यक्रममा कम्पनीले सातवटा प्रोटोन इमास सवारीसाधन नयाँ ग्राहकहरूलाई हस्तान्तरण गरेको थियो ।

# बोश नेपालले ल्यायो डिजिटल लोयल्टी कार्यक्रम 'हाम्रो बोश'




**काठमाडौँ –** अटोमोटिभ टेक्नोलोजीमा विश्वकै चर्चित जर्मन कम्पनी बोशले डिजिटल लोयल्टी कार्यक्रम 'हाम्रो बोश' सुरुवात भएको घोषणा गरेको छ । बोशको नेपालका लागि आधिकारिक वितरक सत्यदिप इन्टरनेशनलसँगको सहकार्यमा सोमबार एक कार्यक्रम गरी कम्पनीले यसवारे जानकारी दिएको हो ।

काठमाडौंका स्थानीय मेकानिकलाई लक्षित गरी ल्याइएको सो कार्यक्रमले वोश ब्रान्डको स्पयेर पार्ट्सको बजारीकरणमा महत्वपूर्ण योगदान दिने विश्वास लिइएको छ। कार्यक्रममा स्थानीय वितरक, मेकानिक्स र बोश भारतका विशिष्ट व्यक्तित्वहरूसहित एक सय ५० जनाभन्दा बढी सहभागी थिए ।

नेपाली बजारकै लागि भनेर विशेष रूपले डिजाइन गरिएको यस एप बोश प्लेटफर्ममा दर्ता भएका मेकानिक्सलाई लक्षित गरी ल्याइएको हो । कार्यक्रममा बोल्दै बोश मोबिलिटी आफ्टर मार्केट भारतकी क्षेत्रीय अध्यक्ष तथा सार्क प्रमुख रिथी सेठीले नेपाल अटोमोटिभ आफ्टर मार्केट क्षेत्रको लागि एक महत्वपूर्ण बजार रहेको बताइन् । 'हाम्रो बोश' कार्यक्रमले स्थानीय स्तरमा खुलेका ग्यारेजलाई ओरिजिनल बोश पार्टपुर्जाको बढ्दो प्रयोगको लागि आकर्षक अंक र प्रोत्साहन प्रदान गर्ने भएकाले यस मोबाइल एपमार्फत् पोइन्टहरू ट्र्याकिङ र रिडिम गर्न सहज अनुभव प्रदान गर्ने उनको भनाइ थियो ।

## कर्पोरेट

# नेपाल एसबिआईको ३२औं वार्षिकोत्सव सम्पन्न



**काठमाडौं/मस –** नेपाल एसबिआई बैंक लिमिटेडले आफ्नो वार्षिकोत्सव मनाएको छ । सोमबार बैंकले विभिन्न कार्यक्रम गर्दै आफ्नो ३२औं बैंक दिवस मनाएको हो ।

वार्षिकोत्सवको अवसरमा बैंकले शपथ ग्रहण समारोह आयोजना गरेको थियो, जहाँ बैंकका सबै कर्मचारीहरूले बैंकप्रति आफ्नो जिम्मेवारी र प्रतिबद्धताका लागि शपथ लिए।

समारोहलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारीले बैंकका उपलब्धिहरूमाथि प्रकाश पारेका थिए ।

त्यसैगरी, नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्दले बैंकको उपलब्धिमा योगदान पुर्‍याउने सबै कर्मचारीहरूलाई धन्यवाद व्यक्त गरेका थिए। प्रमुख वित्तीय अधिकृत राजेशकुमार पाण्डाले सबै सरोकारवालाहरूलाई कृतज्ञता व्यक्त गर्दै सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# सिटिजन्स बैंकले ल्यायो 'सिटिजन्स सदाबहार योजना'

**काठमाडौं/मस –** सिटिजन्स बैंक इन्टरनेसनलले कोष प्रवर्द्धक तथा सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको पचास करोड रुपैयाँ बराबरको पहिलो खुलामुखी योजना 'सिटिजन्स सदाबहार योजना' सञ्चालन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त भएको छ। यो योजना असार १३ गतेदेखि असार २७ गतेसम्म बैंकिङ समयभित्र इकाई बिक्रीका लागि खुला गरिएको कम्पनी सचिव रमेश लुईटेलले जानकारी दिएका छन्।

योजनाको प्राथमिक निष्कासनअन्तर्गत इच्छुक इकाईधनीहरूले असार २७




गते शुक्रबार साँझ ५ बजेभित्र आवेदन दिनसक्ने उनले बताए। आवेदन मेरो शेयर खातामार्फत् वा सि-आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका तोकिएका शाखाबाट दिनसक्ने व्यवस्था मिलाइएको छ।

सो योजनामा सहभागी हुनका लागि न्यूनतम एक सय इकाई र अधिकतम पाँच लाख इकाई अर्थात न्यूनतम एक हजार रुपैयाँदेखि अधिकतम पाँच करोड रुपैयाँसम्मको आवेदन दिन सकिने जनाइएको छ। योजनाको वित्तीय प्रक्षेपणअनुसार यसले औसत वार्षिक १५.१० प्रतिफल दिने अनुमान गरिएको छ।

# यामाहाले ल्यायो एक्सचेन्ज अफर



**काठमाडौं/मस –** जापानी मोटरसाइकल ब्रान्ड यामाहाले आफ्नो स्थापना भएको ७० औँ वर्ष प्रवेशको अवसरमा नेपालमा विशेष राष्ट्रव्यापी एक्सचेन्ज अफर ल्याएको छ । सन् १९५५ मा सुरुवात भएको यामाहाको सात दशकको यात्रालाई गौरवका साथ मनाउँदै, एमएडब्लू राइड्स अन्तर्गतको यामाहा नेपालले असार २५ देखि ३२ गतेसम्म देशभरका यामाहा शोरूमहरूमा यो एक्सचेन्ज इभेन्ट आयोजना गर्न लागेको हो ।

यस अफर अन्तर्गत ग्राहकहरूले पुरानो बाइक वा स्कुटर साटेर यामाहाका नयाँ मोडेलमा अपग्रेड गर्न सक्ने जनाइएको छ। कम्पनीले पुराना गाडीको न्यूनतम मूल्यांकन २५ हजार गर्नेछ भने अतिरिक्त १० हजारसम्मको भ्यालुएसन बोनस पनि उपलब्ध गराउनेछ। त्यसैगरी, केही मोडेलहरूमा शुन्य प्रतिशत ब्याजदरमा ईएमआई, ७.९९ प्रतिशत ब्याजदरमा फाइनान्स योजना, तथा २ वर्ष ट्याक्स फ्री अफर पनि लागू हुने कम्पनीले जनाएको छ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**